मधेशदृष्टिमा विज्ञापनका लागि सम्पर्क नं.:
9808835198
9807170995
9803474311
9854028218

नजर हमर
राष्ट्रिय दैनिक
# मधेशदृष्टि
www.emadheshdristi.com
Madheshdristi National Daily

खुशहाल किसान, समृद्ध नेपाल
यहि हो "त्रिशक्ति"को कमाल
त्रिशक्ति ट्रेक्टर

वर्ष १ | अंक २२२ | २०८० साल असार ०८ गते शुक्रबार | Friday 23, June 2023 | पृष्ठ ८ | मूल्य रु. ५/-

# मधेशमा समाजवादी मोर्चाको तरङ्ग

उपेन्द्र यादवले ०६४ मा मधेसी जनअधिकार फोरममार्फत मधेसमा आन्दोलन सुरु गरे । उपेन्द्रलाई काउन्टर दिने गरी महन्थ ठाकुर नेतृत्वमा तराई मधेस लोकतान्त्रिक पार्टी गठन भएको थियो ।




किरण कर्ण
जनकपुरधाम ।
मंसिर ४ गते भएको प्रतिनिधिसभा तथा प्रदेशसभाको निर्वाचनको परिणामपछि थ्रेस होल्ड कटाउन नसकेका आफ्ना सांसदलाई जोगाउनपनि पार्टी एकताको चर्चा चुलिएको थियो।

सत्तारुढ जनता समाजवादी पार्टी नेपाल र नेकपा एकीकृत समाजवादी बीचको एकता अन्तिम चरणमा पुगेर एकाएक अनिश्चित बन्यो । अन्ततः यी दुवै दल बीच एकता भएन । त्यति बेला एकता भएको खण्डमा मधेश प्रदेशमा सबै भन्दा ठुलो दल हुने थियो भने राष्ट्रिय राजनीतिमा पावर सेयरिंग तथा सांसदहरु जोगिन्थ्यो भन्ने नेताहरुको बुझाई थियो।

यी दुई दल बीच एकताका लागि विभिन्न चरणको छलफल बैठक पनि भएको थियो।

त्यसपछि दल एकीकरणको बहस साम्य भयो।

वैशाख १० गते भएको उपनिर्वाचनमा तीन वटै निर्वाचन क्षेत्रमा नेपाली काँग्रेस, नेकपा माओवादी केन्द्र, एकीकृत समाजवादीसहिको गठबन्धन बनाएर सहभागी भए।

हुन त सत्ता गठबन्धनमा जनमत पार्टी र राष्ट्रिय स्वतन्त्र पार्टी पनि सहभागी छन् । तर पनि उपनिर्वाचनमा उनीहरुले आ-आफ्नै उम्मेदवार खडा गरेका थिए।

उपनिर्वाचनबाट उपेन्द्र यादव निर्वाचित भएसँगै वाम पृष्ठभुमि भएका दलहरु एकजुट जाने मनस्थिती त्यतिबेला नै बनाएका थिए।

जसअनुसार सत्तामा रहेका माओवादी, जसपा, एकीकृत समाजवादी र संसदीय व्यवस्थाको विरोध गर्दै आएका नेत्रविक्रम चन्द विप्लब नेतृत्वको नेकपासहितको समाजवादी मोर्चा नेपाल घोषणा भएको छ।

समाजवादी मोर्चा नेपाल घोषणा भएसँगै मधेश प्रदेशमा यसको तरंग उत्पन्न भएको देखिन्छ।

यस मोर्चामा सत्तारुढ जनता समाजवादी पार्टी नेपाल सहभागी भएपछि मधेश प्रदेशमा उनीमाथि विभिन्न खाले टिकाटिप्पणीहरु समेत हुन थालेको छ।

तराई-मधेस केन्द्रित राजनीति गर्दै आएको जसपाका अध्यक्ष उपेन्द्र यादवले वामपन्थी दलहरु सँग मिलेर मोर्चाबन्दी गरेको भन्दै चर्चाको विषय बनेको छ।

सर्वोच्च अदालतको फैसल अनुसार नेकपा विभाजन भएसँगै नेकपा एमाले, नेकपा माओवादी केन्द्र व्यूतियो । माओवादीमा रहेका नेता रामबहादुर थापा बादललगायत करिब दर्जन भन्दा बढी नेता एमालेमै रहे भने एमालेबाट मावधकुमार नेपाल नेतृत्वमा एक समुह नै एमाले अध्यक्ष केपी शर्मा ओलीको एकाधिकार तानाशाही शैलीको विरोध गर्दै संविधान र संसद रक्षाका निम्ति अलग भएर नेकपा एकीकृत समाजवादी गठन गरे । प्रतिनिधिसभा तथा प्रदेशको निर्वाचनमा केही मत अन्तरले थ्रेस होल्ड कटाउन नसकेपछि जसपासँग पार्टी एकता गर्ने अभियान नै चलाएका थिए।

यता मधेशमा जनमत पार्टीको उदयसँगै जसपामाथि खुलेआम धावा बोलेपछि रक्षात्मक अवस्थामा पुगेको जसपाले आफ्नो पकड र प्रदेशमा शासनको अवस्थालाई निरन्तर राख्नका लागि पार्टी एकताको अपरिहार्यता थियो।

जनमत पार्टीको आक्रामक शैलीका कारण जसपाले आफ्नो सत्ता र शक्तिलाई निरन्तरता दिनका लागि भएपनि पार्टी एकता वा मोर्चालगायतका बहस केन्द्रमा हुदैं आएको थियो।

जसको परिणामस्वरुप नै समाजवादी मोर्चा नेपालको आवश्यकता अनुसार स्थापना गरिएको राजनीतिक विश्लेषकहरुको बुझाई छ।

दुई वटा संविधानसभा र एउटा प्रतिनिधिसभा चुनाव जितेका उपेन्द्र यादवलाई सप्तरी-२ बाट जनमतका अध्यक्ष सीके राउतले २०७९ को आम निर्वाचनमा पराजित गरेपछि उनी दिर्घकालिन उपायको खोजीमा थिए।

राजनीतिक विश्लेषक तुलानारायण साहले मधेसमा सीके राउतको उदय भएपछि उपेन्द्र यादवलाई शक्ति सञ्चयमा लागेका हुनाले समाजवादी मोर्चा गठन गर्नु परेको बताए।

उनले मधेसमा आफ्नो बर्चस्वलाई कायम राख्नका लागि समाजवादी मोर्चा नै विकल्प देखेको बताए।

उपेन्द्र यादवले ०६४ मा मधेसी जनअधिकार फोरममार्फत मधेसमा आन्दोलन सुरु गरे । उपेन्द्रलाई काउन्टर दिने गरी महन्थ ठाकुर नेतृत्वमा तराई मधेस लोकतान्त्रिक पार्टी गठन भएको थियो।

तर मधेशमा लामो समयसम्म संयूक्त लोकतान्त्रिक मधेशी मोर्चा गठन गरेर उपेन्द्र यादवले महन्थ ठाकुरलगायतका

*बाँकी पृष्ठ २ मा*

# अदालतले नागरिकताको बाटो खोल्यो

## माइतीघरमा नागरिकताविहीनहरुको खुशियाली



राष्ट्रपति रामचन्द्र पौडेलले प्रमाणीकरण गरेको नागरिकता विधेयक कार्यान्वयन हुने भएपछि नागरिकताविहीनहरुले खुशियाली मनाएका छन् । सवीच्च अदालतले बिहीबार उक्त विधेयक कार्यान्वयनका लागि बाटो खुला गरिदिएपछि नागरिकता पीडित संघर्ष समितिले खुशियाली मनाएको हो ।

राष्ट्रपतिले प्रमाणीकरण गरेको विधेयकमा जन्मका आधारमा नागरिकता लिएका नेपालीको सन्तानलाई वंशजको नागरिकता दिने व्यवस्था छ । तर उक्त विधेयक प्रमाणीकरणविरुद्ध परेको रिटमा सुनुवाइ गर्दै सवीच्च अदालतले २२ जेठमा विधेयक कार्यान्वयनका लागि अल्पकालीन अन्तरिम आदेश दिएको थियो । सवीच्चको आदेशपछि जन्मसिद्ध नागरिकका सन्तानले माइतीघर केन्द्रित आन्दोलन गर्दै आएका थिए ।



**मधेशदृष्टि**
**जनकपुरधाम ।**
सर्वोच्च अदालतले अन्तरिम आदेश दिन अस्वीकार गरेसँगै नागरिकता विहिनहरुले नागरिकता पाउने बाटो खुलेको छ ।

नागरिकता विधयेक प्रमाणीकरणसम्बन्धी रिटमा सर्वोच्चले अन्तरिम आदेश दिन अस्वीकार गरेको हो । बिहीबार न्यायाधीशद्वय डा.आनन्दमोहन भट्टराई र कुमार रेग्मीको संयुक्त इजलासले यसअघि एक न्यायाधीशको इजलासले दिएको अल्पकालीन अन्तरिम आदेशको निरन्तरता नहुने आदेश दिएको हो ।

यससँगै राष्ट्रपति रामचन्द्र पौडेलबाट प्रमाणीकरण भएको विधेयक कार्यन्वयनमा यसअघि लागेको रोक हटेको छ ।

अघिल्लो संसदबाट पास भएर प्रमाणीकरणका लागि पठाएको विधेयक पछिल्लो संसद र त्यसबाट निर्वाचित राष्ट्रपतिले प्रमाणीकरण गरेको कारण त्यो कानुनसँग बाझिएको भन्दै सर्वोच्चमा रिट पुगेको थियो । वरिष्ठ अधिवक्ता बालकृष्ण न्यौपाने तथा डा.सुरेन्द्र भण्डारीले दायर गरेको रिटमा यसअघि न्यायाधीश मनोजकुमार शर्माको एकल इजलासले विपक्षीको नाममा कारण देखाउ र अल्पकालीन अन्तरिम आदेश जारी गरेको थियो । बिहीबार अल्पकालीन अन्तरिम आदेशको निरन्तरता हुने कि नहुने भन्ने सम्बन्धमा भएको सुनुवाइमा न्यायाधीशद्वय भट्टराई र रेग्मीको इजलासले अल्पकालीन अन्तरिम आदेशको निरन्तरता नहुने आदेश दिएको हो । यससँगै प्रमाणीकरण भएको विधेयकका आधारमा नगरिकता पाउन योग्य भएकाहरुले नागरिकता प्राप्ति गर्ने बाटो खुलेको छ ।

# राष्ट्रिय परिषद् सदस्यमा महानगर प्रमुख सिंह नियुक्त



**मधेशदृष्टि**
**वीरगंज**
वीरगंज महानगरपालिकाका मेयर राजेशमान सिंह राष्ट्रिय परिषद् सदस्यमा नियुक्त भएका छन् । प्रधानमन्त्री स्तरीय निर्णय बमोजिम संघ, प्रदेश र स्थानीयतह बीचको समन्वय तथा अन्तरसम्बन्ध व्यवस्थित गर्न गठित राष्ट्रिय परिषद् सदस्यमा मेयर सिंह नियुक्त भएका हुन्।

गएको जेठ २६ गतेको प्रधानमन्त्री स्तरीय निर्णय बमोजिम मधेश प्रदेशबाट वीरगंज महानगरका मेयर सिंह सदस्य चयन भएका हुन् । परिषद्ले साझा अधिकारका विषयमा कानून तथा नीति तर्जुमाको लागि संघ, प्रदेश र स्थानीय तहबीच समन्वय गर्ने, प्रदेश तथा स्थानीय स्तरमा कार्यान्वयन हुने राष्ट्रिय हित तथा स्वार्थसँग जोडिएको विषयमा समन्वय गर्ने, राष्ट्रिय योजना, नीति तथा कानूनहरुको प्रदेश तथा स्थानीय तहमा कार्यान्वयनका सम्बन्धमा रहेका जटिलता समाधान गर्ने लगायतका विषयमा काम गर्ने जनाईएको छ।

'सरकारका तीनै तहबीचको समन्वय प्रभावकारी बनाउन सिंहको महत्वपूर्ण भूमिका निर्वाह गर्नुहुनेछ भन्ने विश्वास लिएको परिषद् सदस्यमा नियुक्त गरिएको पत्रमा उल्लेख गरिएको छ।

## चिकित्सकको लापरवाही

# परिवार नियोजन गर्दा आन्द्रा नै काटियो

मुकेश कुमार यादव
सिरहा ।
प्रादेशिक अस्पताल सिरहाका चिकित्सकको लापरवाहीले सेवाग्राही झनै समस्यामा परेका छन् । परिवार नियोजन गर्ने क्रममा प्रादेशिक अस्पतालका चिकित्सकको चरम लापरवाहीका कारण आन्द्रा काटिदा जिल्लाको गोलबजार नगरपालिका वडा नम्बर ११ स्थित बलकवा बस्ने ३२ वर्षिय अम्बिका यादव मर्कामा परेकी हुन् ।

गत पुस ५ मा परिवार नियोजनको लागि सिरहा प्रादेशिक अस्पताल गएका उनको शल्यक्रिया गर्ने क्रममा सुपरिटेन्डेन्ट डा. नागेन्द्र यादवको लापरवाहीले आन्द्रा नै काटिदिएको उनका श्रीमान उमेश यादवले जानकारी दिए ।

शल्यक्रिया गरेको भोलि पल्ट पेटमा अत्याधिक दुख्न थालेपछि लाहानको निजी अस्पतालमा लगें; यादवले भने, 'त्यहाँ उपचार सम्भव नभएपछि थप उपचारको लागि धरानको वीपी कोइराला विज्ञान प्रतिस्ठान पुर्याए । वितको ६ महिलनादेखि त्यही उपचार भईरहेको छ ।'

उनले अघि थप्दैं भने, 'परिवार नियोजनको क्रममा आन्द्रा काटिएर पेट भित्र पिप भरिएपछि शरिरको अन्यभागमा पनि इन्फेक्सन् फैलिएकाले पुनः शल्यक्रिया गनुपर्‍यो । अस्पतालको सानो लापरवाहीले मेरो सर्वस्व नै स्वाहा भयो, आइसियुमा मात्र करिब ४५ दिन राख्नु पर्‍यो । म अहिले मानसिक र आर्थिक दुवै रुपले अहिले तनावमा छु ।'

'आन्द्रा काटिएकै कारण पछिल्लो छ महिना देखि निरन्तर उपचारमा छौं, यस क्रममा ८५ लाख रकम खर्च भइसकेको छ ।

अझै कति हुने हो पत्तो छैन ।' यादवले भने ।

सिरहा प्रादेशिक अस्पताका प्रमुख सुपरिटेन्डेन्ट डा.नागेन्द्र यादवले नै शल्यक्रिया गरेको स्वीकारे ।

त्यस्तै जिल्लाको गोलबजार नगरपालिका वडा नम्बर २



स्थित गुरुधाम माइती भएकी रिंकु सिंह पनि प्रादेशिक अस्पताल सिरहाका डा. तेज शंकर यादवको लापरवाहीका कारण मार्कामा परेकी छन् । महोत्तरीको गौशाला नगरपालिका वडा नम्बर १० स्थित बटौवा टोलकी रिंकु सिंहको श्रीमान अजय कुमार महतोले श्रीमतीको उपचारमा डा. तेज शंकर यादवले चरम लापरवाही गरेको आरोप लगाए । चिकित्सकको गम्भीर लापरबाहीले मेरो श्रीमतीको जिवन धरापमा परेको बताए । उनले भने, 'गत मसिंर २९ गते सुत्केरी गराउन प्रादेशिक अस्पतालमा भर्ना गराए । सर्जरी गर्ने क्रममा गज पिस पेटभित्रै छोडेर सिलाइएको रहेछ । रगत लतपतिएको गज पिस पेटभित्रै कुहिएर करिब १ महिना पश्चात उनको आन्द्रामा असर गर्‍यो । पछि उनको ३१ सेन्टिमिटर आन्द्रा काटेर फयाल्नु पर्‍यो ।'

उपचारकै क्रममा रहेका मेरी श्रीमती अझै आफै खान, सुत्न,र हिड्डुल गर्न समेत सक्ने अवस्थामा छैनन् । महतोले भने, 'श्रीमतीको शल्यक्रिया गर्ने प्रादेशिक अस्पताल सिराहाका चिकित्सक डा. तेजशंकर यादवमाथि कारबाहीको माँग गर्दै २५ जेठमा जिल्ला प्रहरी कार्यालय सिराहामा किटानी जाहेरी दिएको जनाए । उनले अघि थपे, 'शल्यक्रियाका क्रममा चिकित्सकले लापरवाही गरेको कारण आफ्नी श्रीमतीलाई जीवनभर मानसिक तनाव हुन सक्ने भन्दै कारवाही र क्षतिपूर्ती सहितको माग गरेको बताए ।

उनले भने, 'पीडितको जाहेरी प्रहरीले दर्ता नगर्दा अन्यायमा परेको छु ।'

शल्यक्रिया गर्ने डा. तेजशंकर मेडिकल सुपरिटेन्डेन्ट डा. नागेन्द्रप्रसाद यादवका भतिज हुन् ।

भतिजलाई बचाउन सुपरिटेन्डेन्टले अन्य चिकित्सकलाई फसाउन खोजिरहेका डा. रोकेश सिंह रहेको बताए ।

यता डा. राकेश सिंहले आफूलाई फसाउन खोजेको आारेपसमेत लगाए । उनले आफुले रिंकुको सर्जरी नगरेको भन्दै प्रहरी कार्यालय र जिल्ला प्रशासन कार्यालयमा जानकारी गराएको समेत बताए ।

रिंकुको सर्जरी डा. तेजशंकर यादवले गरेको अस्पतालको कागजातबाट पुष्टि हुन्छ ।

# हुलाकी राजमार्गको काम रोकिदाँ जनप्रतिनिधि नै भोक हड्तालमा



**मधेशदृष्टि**
**विराटनगर ।**
हुलाकी राजमार्ग निर्माणको काम रोकिएपछि मोरङको कटहरीका जनप्रतिनिधि नै भोक हडताल उत्रिएका छन् ।
 बिहीबारदेखि कटहरी गाउँपालिका वडा नम्बर ३ का जनप्रतिनिधिले अनिश्चितकालिन भोक हड्ताल सुरु गरेका हुन् । गाउँपालिकाको कार्यालय अगाडि वडाध्यक्ष जदुलाल कामत, वडा सदस्यहरु वल्सी दास तत्मा, शंकर पासवान, दुखनीकुमारी पासवान र सुलेखादेवी गनगाइंलगायतका जनप्रतिनिधिलगायतकाहरु भोक हड्तालमा बसेका छन् ।
निर्माणाधीन सडकको खाल्डाखुल्डीका कारण दुर्घटनाको जोखिम बढेको र वर्षातयाममा सवारी साधन चलाउनसमेत मुश्किल परेपछि स्थानीयले आन्दोलन गरेका थिए ।
आन्दोलनमा उत्रिएका स्थानीयले तोडफोड गरेपछि प्रहरीले हस्तक्षेप गरेको थियो । तोडफोडमा संलग्न भएको आरोपमा प्रहरीले राजेश कामतलाई पक्राउ गरेको छ भने अन्य केही स्थानीयवासिन्दाहरु फरार छन् ।
तोडफोडमा संलग्न चार जनालाई मुद्दा चलाउन गाउँपालिका अध्यक्ष देवराज चौधरीले प्रहरीमा उजुरी गरेको भन्दै स्थानीय बासिन्दा झन् आन्दोलित भएका थिए । पक्राउ परेकालाई छाड्न र सडक निर्माण तत्काल सुरु गर्न माग गर्दै आन्दोलनमा उत्रिएको वडा अध्यक्ष जदुलाल कामतले जानकारी दिए ।
४ वर्षअघि निर्माण सुरु गरिएको राजमार्गको काम सुस्त हुँदा स्थानीयलाई सास्ती भएको वडा अध्यक्ष कामतले बताए ।
गाउँपालिकाभित्र पर्ने सडकको खाल्डाका कारण दुर्घटना हुँदा ३ जनाको मृत्यु भइसकेको समेत उनले बताए ।
पूर्व-पश्चिम राजमार्गको वैकल्पिक सडकका रूपमा रहेको हुलाकी राजमार्ग निर्माणका लागि मोरङ खण्डमा ५ वटा निर्माण कम्पनीले काम गरिरहेका छन् ।
३ वर्षभित्रमा ४ लेन सडक निर्माण गर्ने सम्झौतासहित २०७६ सालमा ठेक्का सम्झौता भएपनि म्याद थप गरेर २०८० कात्तिकसम्म पुगेको छ । रंगेलीको बेतौनादेखि पश्चिम विराटनगरको काम भने अलपत्र छाडिएको अवस्था छ ।
यसअघि वैशाख २१ गते विराटनगरमा पत्रकार सम्मेलन गरेर मोरङका प्रतिनिधिसभा सदस्य, कोशी प्रदेशका प्रदेशसभा सदस्य (प्रदेश सांसद) तथा स्थानीय तहका प्रमुखहरुले तत्काल काम सुरु नभए आन्दोलन गर्ने चेतावनी दिएका थिए ।
हुलाकी राजमार्गको मोरङ खण्डमा रंगेली क्षेत्रको साढे ७ किलोमिटर सडक निर्माणका काम सम्पन्न भएको छ । अहिले हुलाकी राजमार्गका सम्पूर्ण काम ठप्प छ । हुलाकी राजमार्ग निर्देशनालय योजना कार्यालय इटहरीका राजमार्गको रतुवामाइदेखि रंगेलीको भूमि टोलसम्म १६ किलोमिटर निर्माणको ठेक्का पिएस गजुरमुखी मोतीदाम जेभीले लिएको जनाइएको छ । भने यो खण्डको काम सुस्तगतीमा भइरहेको छ ।

# नव जनजागरण माध्यामिक विद्यालय उत्कृष्ट



**मधेशदृष्टि**
**सर्लाही ।**
सर्लाहीको बागमती नगरपालिका पछिल्लो समय शिक्षाको हब बन्दै गएको छ।
बागमती नगरपालिकाका विद्यालय व्यवस्थापन र शैक्षिक सुधारमा समेत अब्बल सावित हुदैँ गएका छन् । शिक्षा तथा मानव श्रोत विकास केन्द्रले निकालेको नतिजाले यसलाई पुष्टि गरेको छ । गत असार ५ गते प्रकाशन गरेको सुचना अनुसार बागमती नगरपालिका वडा नम्बर ८ मा रहेको नव जनजागरण माध्यमिक बिद्यालय उत्कृष्ट ठहर हुदै प्रोत्साहन रकम प्राप्त गर्न सफल भएको हो।
नेपाल सरकार शिक्षा मन्त्रालय अन्तरगत शिक्षा तथा मानव श्रोत विकास केन्द्रले व्यवस्थापकीय तथा शैक्षिक सुधारमा उत्कृष्ट कार्यगरेका बिद्यालयलाई नतिजामा आधारित प्रत्साहन अनुदानको लागि छनौट आवेदन लिएको थियो । यसमा उच्चतम अंक प्राप्त गरी नव जनजागरण माध्यमिक बिद्यालय शंकरपुरले ५ लाख रुपैयाँ प्राप्त गर्न सफल भएको विद्यालयका प्रधानाध्यापक बद्रि पोखरेलले जानकारी दिए।
नगरको जनप्रतिनिधि, विद्यालय व्यवस्थापन समिति, शिक्षक एवं अभिभावकसमेतको अथक प्रयासबाट विद्यालय उत्कृष्ट बन्न सफल भएको नगर शिक्षा शाखा प्रमुख मिनप्रसाद उपाध्यायले बताए । यस पालिकाले बालबालिका मैत्री, मन्टेश्वरी, व्यवहारिक ज्ञानसहितको प्रविधि मैत्री शिक्षण पद्धति अवलम्बन गरिरहेको नगरकी उपमेयर लिला कुमारी मोक्तानले बताईन्।
त्यस्तै व्यवस्थापकीय तथा शैक्षिक सुधारमा उत्कृष्ट कार्य गरेका विद्यालयलाई नतिजामा आधारित प्रत्साहन अनुदानको लागि सर्लाहीबाट अन्य ४ विद्यालय पनि छनोटमा परेको छ । शिक्षा तथा मानव श्रोत विकास केन्द्रले जनाए अनुसार जिल्लाको लालबन्दी वडा नम्बर २, जुटपानीको नवजिवन विद्याश्रम मावि जुटपानी, ब्रम्हपुरी-१ को जलाधर कमलदेव मावि र बलरा-४, को रामसखी मोहितसिंह जनता मावि छनोटमा परेको छ।
यस कार्यक्रममा देशैभरबाट उत्कृष्ट अंक प्राप्त गर्ने १६५ वटा विद्यालय अनुदानका लागि छनोट भएको केन्द्रले जनाएको छ। छनोटमा परेका विद्यालयहरुले जनही ५ लाख रुपैयाँको दरले अनुदान रकम प्राप्त गर्ने व्यवस्था गरिएको छ।

# नहरमा पानी दिन भारतको आलटाल

**मधेशदृष्टि**
**बारा ।**
नेपाल र भारत सरकारबीच भएका सम्झौता विपरित भारत सरकारले आलटाल गर्दै आएपछि नेपाली किसानलाई समस्या हुदै आएको छ । दुई देशविच भएको गण्डक सम्झौता भारतीय पक्षले नेपालको लागि वार्षिक ८५० क्युसेक पानी नहरको माध्यमबाट दिनुपर्ने उल्लेख छ ।
तर, सम्झौता अनुसार पानी दिन भारतले बर्सेनि आलटाल गर्दा बारा, पर्साका किसानहरू मर्कामा पर्दै आएका छन् । कृषि उत्पादन अभिवृद्धि गर्ने र स्थानीय कृषकहरूको जीवनस्तर बढाउने उकास्ने उद्देश्यले नारायणी नदीको पानीलाई गण्डक ब्यारेज निर्माण गरेर नहर प्रणालीको माध्यमबाट दुवै देशमा वितरण हुँदै आएको करिब ५० वर्ष पुगिसकेको छ ।
बारा, पर्सा र रौतहटको ८२ किलोमिटर क्षेत्र हुँदै यो नहर भारतसम्म फैलिएको छ । नेपालको समेत ३ जिल्लाका ३७ हजार ४ सय हेक्टर भूभागमा सिँचाइ गर्ने लक्ष्य भए पनि भारतले सम्झौता अनुसार पानी नदिँदा हाल बारा र पर्साको २८ हजार हेक्टर खेतीयोग्य जमिनमा मात्रै सिँचाइको व्यवस्था पुगेको नारायणी सिँचाइ कार्यालय वीरगंजका इन्जिनियर सुरेश प्रसाद साहले जानकारी दिए ।
सम्झौता अनुसार पानी प्राप्त नभएपछि रौतहटको हकमा भने बारा जिल्ला भएर बग्ने जमुनी नदीमा ब्यारेज निर्माण गरेर सिँचाइको व्यवस्था मिलाउने काम भइरहेको इन्जिनियर साहले बताए । करिब ५० वर्ष पुरानो नहर प्रणाली धेरै ठाउँमा मर्मत सम्भार गर्नुपर्ने देखिएको छ ।
करिब ५० वर्षको अवधिमा भारतले १ वर्ष अधिकतम ६ सय क्युसेक पानी नेपालको नहरमा छोडेको थियो । अन्य वर्षहरूमा भने ५ सय देखि ५५० क्युसेक मात्रै पानी दिएको साहले बताए । भारतीय पक्षले समयमै नहरमा पानी छोड्दा किसानहरू थप मर्कामा परेका छन् । लगातार खडेरी हुने तर नहरको पानी नछाडिँदा किसानहरूले समयमै धानको बिउ समेत राख्न नपाउने अवस्था छ ।
नेपाल-भारतबीच ४ डिसेम्बर १९५९ मा भएको गण्डक सम्झौता अनुसार भारतले नेपालको पानी लगेको हो । तर सम्झौताअनुसार पानी नेपालले पाउन नसकेको हो । 'भारतबाट सम्झौता अनुसारको पानी समयमै नआएका कारण हामीले माथिल्लो निकाय सिँचाइ विभाग, जलश्रोत मन्त्रालयलाई जानकारी गराएर पहल गरिरहेका छौँ,' इन्जिनियर साहले भने 'विगतका वर्षहरू भन्दा पहिले नै पानी छोड्दिनुपर्‍यो, हाम्रा किसानहरूलाई धेरै ठुलो मर्का परिरहेको छ भनेर हामीले पहल गरिरहेका छौँ।' असार १५ अगावै नेपालको नहरमा पानी छोड्न भारतीय पक्षसँग वार्ता भइरहेको उनको भनाइ छ । नेपालको नारायणी र त्रिवेणी नदीको पानी भारतले गण्डकमा ब्यारेज निर्माण गरेर बाँडफाँड गर्दै आएको छ ।
भारतको आलटालले समस्या बढ्दै गएपछि पानीको अभाव पूर्ति गर्न रौतहटमा सिँचाइका लागि बाराको जमुनी खोलामा ब्यारेज निमार्णको काम भइरहेको छ । 'जमुनी नदीको हाल गेट जडानको काम बाँकी रहेको छ,जमुनी खोलामा गेट बनाउने काम सकिए लगत्तै रौतहटमा सिँचाइ सुविधा उपलब्ध गराउँछौँ,' इन्जिनियर साहले भने । यो आयोजना अन्तर्गत ३ जिल्लामा गरेर सिञ्चित हुने क्षेत्रलाई १५ वटा ब्लकहरूमा विभाजन गरिएको छ । बारा र पर्सामा ६/६ वटा र रौतहटमा ३ वटा ब्लकहरू रहेका छन् ।
'नहरहरूको आयु सकिएकोले नयाँ बनाउनेतर्फ कार्यक्रममा समावेश गरेर हामीले अध्ययन थालिसकेका छौ' साहले भने । सरकारले नहरको मर्मतका लागि बर्सेनि ४ देखि ५ करोड र वृहत् कार्यक्रम अन्तर्गत करिब १० करोड सम्मको बजेट दिँदै आएको छ । जमुनी नदीको ब्यारेज निमार्णको लागि भने थप बजेट प्राप्त हुने सिँचाइ कार्यालयले जनाएको छ ।नारायणी र त्रिवेणी नदीको पानी भारतको विहार राज्यको वाल्मिकीनगरमा ब्यारेज निर्माण गरी दोन शाखा नहर मार्फत पर्सा, बारामा आउने गर्दछ ।
नेपालको पानीको श्रोत भए पनि भारतको खटाइमै बारा, पर्साका किसानहरूले पानी पाउने गर्दछन् ।

# उपप्रमुख आलमद्वारा पुर्वमन्त्री मंसुरलाइ स्वागत



**मधेशदृष्टि**
**वीरगंज ।**
नेपाली कांग्रेस पर्साका सचिव तथा वीरगंज महानगरपालिकाका उपप्रमुख इम्तियाज आलमले नेपाली कांग्रेसका केन्द्रिय सदस्य तथा पुर्वमन्त्री फरमुल्लाह मंसुरलाई स्वागत गरेका छन् ।
भेटघाटमा पुर्वमन्त्री फरमुल्लाह मंसुर र उपप्रमुख इम्तियाज आलमबीच राजनीति तथा बाराको जीतपुरसिमरा उपमहागरपालिका वडा नं ७ मा रहेको सञ्जीवनी बाटिका ( वृद्धाश्रम) बारे विशेष कुराकानी भएको थियो ।
विशेष कुराकानीको क्रममा वीरगंज महानगरपालिकाका उपप्रमुख आलमले सञ्जीवनी बाटिका ( वृद्धाश्रम) का संस्थापक फरमुल्लाह मंसुरले गरेको सराहनिय कामको चर्चा परिचर्चा गर्दै उपप्रमुख आलमले फरमुल्लाह मंसुर जस्तो शालिन व्यक्तित्वले सुविधा सम्पन्न बृद्धाश्रम बनाउनु उहाँको सरहानीय काम रहेको भन्दै कदर गर्दै उपप्रमुख आलमले शुभकामना दिएका थिए ।
बाराको जीतपुरसिमरा उपमहागरपालिका वडा नं ७ मा रहेको सञ्जीवनी बाटिका सञ्चालनको तयारीमा रहेको छ र सञ्जीवनी वाटिका(वृद्धाश्रम) जीतपुरका अध्यक्ष एवं पूर्व मन्त्री फरमुल्लाह मन्सुरले दिएको जानकारी अनुसार करिब एक करोड रुपियाँको लागतमा निर्माण गरिएको वृद्धाश्रम भवन सवा ८ कठ्ठा जग्गामाा फैलिएको छ । एक सय जनासम्म जेष्ठ नागरिकहरुलाई राख्ने क्षमता भएपनि हाल १५ देखि २५ जनासम्म राख्ने योजना भएको अध्यक्ष मन्सुरले बताए । त्यस्तै, भेटघाटको क्रममा नेपाली कांग्रेसका नेता कालू सिंह,कोपिला चौरसिया,धर्मराज यादव,प्रिति सिंह,बिरगंज महानगरका उपमेयरका स्वकीय सचिव रबिनन्द सिंह,शेष हजरा,सेराज,राहुल गुप्ता लगायतको उपस्थित रहेको थियो ।

# वीरगंज उद्योग वाणिज्य संघको स्थायी आमन्त्रित सदस्य मनोनयन



**मधेशदृष्टि**
**वीरगंज ।**
वीरगञ्ज उद्योग वाणिज्य संघको स्थायी आमन्त्रित सदस्यमा हिरा साह कानु मनोनित भएका छन् ।
वीरगंज उद्योग वाणिज्य संघको बसेको बैठकबाट संघको विधान २०४८ बमोजिम हिरा साह कानुलाई नवगठित कार्यसमितिको स्थायी आमन्त्रित सदस्य पदमा मनोनयन गरिएको अध्यक्ष अनिल कुमार अग्रवालद्वारा हस्ताक्षरित पत्रमा उल्लेख गरिएको छ ।
सो पत्रमा भनिएको छ, 'यसका साथै तपाइ जस्तो कुशल र सक्षम सहयोगी मित्रलाई सङ्घको स्थायी आमन्त्रित सदस्यमा पाउँदा अति नै हर्ष लागेको छ । आउने दिनहरुमा संघको विकासमा तपाईबाट अझ बढी सक्रियताका साथ रचनात्मक सहयोग र सुझावहरु निरन्तर रुपमा प्राप्त भइरहने विश्वासका साथ स्थायी आमन्त्रित सदस्य पदमा मनोनयन हुनु भएकोमा हार्दिक बधाई ज्ञापन गर्दछु ।'

# मधेशमा समाजवादी मोर्चाको...

दलहरुसँग सहकार्य गर्दै आएका थिए।
मधेश आन्दोलनका लागि तमलोपालागतयका मधेश केन्द्रित दलसँग पटक पटक मोर्चा बनाएपनि आपसमा सौहार्द्रपूर्ण सम्बन्ध भने कहिल्यै रहेन।
उपेन्द्र यादवको राजनीतिक पृष्ठभूमि कम्युनिस्ट नै हो । उनलाई जहिल्यैँपनि माओवादीका अध्यक्ष पुष्पकमल दाहाल प्रचण्डसँगैको सहकार्यले भाप्दैं आएको छ । जसकारणले पनि उनलाई समाजवादी मोर्चामा सामेलका लागि सहजता भएको हुनसक्ने राजनीतिक विश्लेषकहरुको बुझाई छ।
मधेस प्रदेशमा एमाले, काँग्रेसपछि जसपा तेस्रो ठुलो शक्तिको रुपमा रहेको छ । मधेस प्रदेशसभामा छैठौं र सातौं दल क्रमशः माओवादी र एकीकृत समाजवादीसँग जसपाले मोर्चा बनाएपछि प्रदेशसभामा समाजवादी मोर्चामा आवद्ध प्रदेशसभा सदस्यको संख्या ३४ पुगेको छ।
जसपा नेतृत्वको सरकारलाई काँग्रेससहित समाजवादी मोर्चामा रहेका माओवादी र नेकपा एकीकृत समाजवादीको पनि समर्थन रहेको छ । गठबन्धनमा रहेको कारण लोसपा र जनमत पार्टीले पनि प्रदेश सरकारलाई समर्थन गर्दै सरकारमै छन् । तर जसपाको भने जनमत पार्टीसँग सम्बन्ध चिसिएको छ।
प्रदेशसभामा जसपाका १८ सांसद छन् भने माओवादी केन्द्रको ९ र नेकपा एकीकृत समाजवादीको ७ जना छन्।
मधेश प्रदेशमा समाजवादी मोर्चालाई पनि सरकार चलाउन अन्य दलको सहकार्य चाहिन्छ नै।
राजनीतिक विश्लेषक ई.सत्यनारायण साहले जसपाका अध्यक्ष उपेन्द्र यादव वामपन्थी रहेको दावी गरे।
उनले वामपन्थीहरुसँग मिलेर उपेन्द्र यादवले समाजवादी मोर्चा बनाउनु आफूलाई आश्चर्यको विषय नलागेको बताए। उनले उपेन्द्र यादवको स्कुलिंग विचार, राजनीति गर्ने शैली वामपन्थी नै रहेकाले मोर्चा बनाउनु स्वाभाविक रहेको बताए।
त्यस्तै मधेश केन्द्रित दल तमलोपाका वरिष्ठ नेता डा. विजयकुमार सिंहले उपेन्द्र यादवलाई कामरेड रहेको बताए। उनले समाजवादी मोर्चाको निर्माणलाई पुनः एकीकृत कम्युनिष्ट पार्टीको निर्माणको यात्राको संज्ञा दिए। उनले जसपा कम्यूनिष्ट पार्टी नै रहेको जिकिर गरे।
तर यता जसपा नेपालका प्रवक्ता मनिष सुमनले जसपा लोकतान्त्रिक पार्टी रहेको बताए। उनले राजनीतिक परिस्थिति अनुसार लोकतान्त्रिक र वामपन्थीहरुसँग पनि सहकार्य तथा गठबन्धन गर्दै आएको प्रष्ट पारे।

## ☎☎ महत्वपूर्ण टेलिफोन नम्बरहरु ☎☎

**धनुषा (०४१)**

| | |
|---|---|
| एम्बुलेन्स | १०२, ५२६०९० ५२६०९१,०४१६२०४९१,५२०२३०, ५२३८६४ ५२६३६० |
| प्रहरी | १००, ५२००९९ |
| बारुण यन्त्र | ५२००११ |
| जनकपुर अञ्चल अस्पताल | ५२००३३ |
| रक्त संचार केन्द्र (रेडक्रस) | ५२०८७० |
| आँखा अस्पताल | ५२०३९७ |
| विद्युत फ्यूज शाखा | ५२०१५१ |
| एयर पोर्ट | ५२००४४ |
| बुद्ध एयर | ५२५०२२ |
| यति एयरलाइन्स | ५२००४७ |
| जानकी केबुल | ५२३७२८ |
| साह केबुल | ५२४७२२ |
| मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |

**महोत्तरी (०४४)**

| | |
|---|---|
| जलेश्वर अस्पताल | ५२००७० |
| प्रहरी | ५२०००९ |
| एम्बुलेन्स | ५२०१०० |
| विद्युत | ५२००६६, ५२०१६६ |

**रत्नसागर मन्दिर (प्रत्येक दिन)**

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय : | ५:०० बजे |
| बिहान पूजा आरती: | ८:०० बजे |
| भोगराज लाग्ने सयम: | ११:३० बजे |
| निशुल्क अन्न क्षत्रे (दिउँसो): | १२:०० बजे |
| मन्दिर बन्द हुने समय: | १२:०० बजे |
| खुल्ने समय (दिउँसो): | ४:०० बजे |
| रात्री आरती पूजा हुने समय: | ९:३० बजे |
| रात्री मन्दिर बन्द हुने सयम: | १०:०० बजे |

## मन्दिरको समय

**जानकी मन्दिर (प्रत्यके दिन)**

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय : | ०५:०० बजे |
| बिहान पूजा आरती : | ०७:०० बजे |
| बिहान ढोका बन्द : | १२:०० बजे |
| अन्न क्षत्रे : | नि:शूल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय : | ०४:०० बजे |
| सन्ध्या पूजा आरती:साँझझा : | ०७:३० बजे |

**राम मन्दिर (प्रत्येक दिन)**

| | |
|---|---|
| बिहान ढोका खूल्ने समय : | ०५:०० बजे |
| मंगल आरती : | ०७:३० बजे |
| महाप्रसाद भोग : | १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय : | ०३:३० बजे |
| सन्ध्या पुजा आरती साँझ : | ०७:०० बजे |
| रात्रि भोग : | ०९:०० बजे |
| पट बन्द : | ०९:१५ बजे |

## ----- राशिफल -----

**मेष - ARIES**
चु,चे,चो,ला,लि,लु,ले,लो,अ
आजको दिन खेलकुद तथा मनोरञ्जनात्मक कार्यमा बिल्ला, पारिवारिक मित्रता तथा रमाइलो यात्रा होला ।

**वृष- TAURUS**
इ,उ,ए,ओ,बा,बि,बु,बे,बो
नयाँ नयाँ मित्रहरूसंगको भेटले मन आनन्दित रहला। आर्थिक लाभका नयाँ नयाँ मार्गहरु नि प्रशस्त ंहोलान् ।

**मिथुन - GEMINI**
का,कि,कु,घ,ङ,छ,के,को,ह
आजको दिन नयाँ बस्त्र तथा आभुषण प्राप्त हुने योग छ। आटेका वा सोचेका काम कार्यहरु पूरा होलान् ।

**कर्कट - CANCER**
हि,हु,हे,हो,डा,डि,डु,डे,डो
आजको दिन शिक्षा क्षेत्रमा सफलता पाउनुका साथै कुनै लेख रचना तथा साहित्यिक कार्यको थालनी होला ।

**सिंह - LEO**
मा,मि,मु,मे,मो,टा,टि,टु,टे
आज कुनै उपहार तथा पुरस्कार प्राप्त हुने योग पनि रहेको छ ।आज दक्षिण तिरको यात्रा नगरेकै राम्रो होला।

**कन्या - VIRGO**
टो,प,पि,पु,ष,ण,ठ,पे,पो
आजको दिन अपर्झट कुनै पनि स्थानको यात्रा हुनसक्छ, खेलकुद तथा साहित्यिक क्षेत्रमा तपाईंको सहभागीताले उत्साह थपिएला ।

**तुला - LIBRA**
र,रि,रु,रे,रो,ता,ति,तु,ते
आज हर्ष तथा प्रसन्नताका साथ समय बित्नेछ, आज को दिन आध्यात्मिक चिन्तनमा मन जाने देखिन्छ ।

**वृश्चिक - SCORPIO**
तो,ना,नि,नु,ने,नो,या,यि,यु
तपाईंको लगनशीलता तथा पराक्रमले कठिन भन्दा कठिन कार्यहरु पनि सहजै सम्पन्न+ होलान् ।

**धनु- SAGITTARIUS**
ये,यो,भ,भि,भु,ध,फा,ढ,भे
आजको दिन धन आर्जनका विभिन्न मार्गहरु प्रशस्त होलान् धन तथा मान प्राप्ति हुनसक्छ, वैदेशिक यात्राका अवसरहरु पनि आउनसक्छ,

**मकर - CAPRICORN**
भो,ज,जि,खि,खु,खे,खो,गा,गि
आजको दिन तपाईंको व्यक्तित्व देखेर सबै प्रभावित होलान् , आर्थिक लेनदेनमा विशेष सावधानी अपनाउनुहोला।

**कुम्भ - AQUARIUS**
गु,गे,गो,सा,सि,सु,से,सो,द
आजको दिन अनावश्यक खर्चको योग आएको छ तपाईंको कमजोरीको फाइदा उठाउलान, धैर्य तथा विवेकले काम लिनुहोला।

**मीन - PISCES**
दि,दु,थ,झ,ञ,दे,दो,च,चि
आजको दिन तपाईंलाई गुप्त बिद्या तथा शिक्षा प्राप्त होला , आज विशेष परिस्थितिले दिनभर मन रमाउला ।

# प्रलोभनमा ईशाइ धर्मान्तरण गर्ने गिरोह सक्रिय



**सञ्जय मिश्रा**
**रौतहट ।**
विभिन्न प्रलोभन देखाएर हिन्दु धर्मावलम्बीहरुलाई ईशाइ धर्म अपनाउन लगाउने गिरोह रौतहटमा सक्रिय भएको छ ।
आर्थिक विपन्न गरिब, असहाय, अशिक्षित परिवारलाई लक्षित गर्दै त्यस्ता घर परिवारका महिला सदस्यलाई आर्थिक प्रलोभनमा पारेर धर्म परिवर्तन गराउने गिरोह रौतहटमा सक्रिय देखिन्छ ।
जिल्लाका विभिन्न स्थानिय तहमा पछिल्लो समयमा आर्थिक प्रलोभन देखाउदै हिन्दु धर्मबाट क्रिश्चियन बनाउने घृणित खेलहरु भईरहेको प्रत्यक्षदर्शीहरु बताउँछन् ।
हिन्दुहरुलाई विभिन्न प्रलोभन देखाउँदै क्रिस्चियन बनाउनेहरु गाँउघरमा सक्रिय भएर लागेको छ । ईसाइ धर्म प्रचारकहरुले कटहरिया नगरपालिकाको वडा नम्बर ४ र ५ मा  असहाय, गरिब, अशिक्षित एवं सोझासिधा मान्छेहरुलाई बिभिन्न प्रलोभन देखाएर इसाई बनाउन थालेको भन्दै केही स्थानीयवासीहरुले विरोध गरेका छन् ।
प्रभु प्रमेश्वरको प्रार्थाना गरेमा बिमारी निको हुने, धन सम्पत्तीमा बढोत्तरी हुने, रोग व्याधी नलाग्ने भन्दै सोझा सिधा मान्छेलाई धर्म परिवर्तन गराउने गरेको नाम उल्लेख नगर्ने सर्तमा स्थानीयले बताएका छन् । मूलुक धर्म निरपेक्ष भएको अवस्थामा कानुनमा सबै धर्म मान्ने छुट भएपनि मान्छेलाई प्रलोभनमा पारेर धर्म परिवर्तन गराउन कानून अनुसार दण्डनीय अपराध हो ।
कटहरिया नगरपालिमा एउटा उदाहरण मात्र हो आहिले रौतहटका प्रायः जसो पालिकामा परमेश्वरको प्रार्थानाका नाममा अशिक्षित तथा गरिवहरुलाई धर्म परिवर्तन गराउने गिरोह सक्रिय छ ।
जिल्लाका ग्रामिण क्षेत्रमा आर्थिक अवस्था कमजोर भएकालाई आर्थिक तथा विभिन्न प्रलोभन देखाएर धर्म परिवर्तन गराउने गरिएको घटना सार्वजनिक भइरहेको भएपनि यसतर्फ सम्बध निकायको खासै ध्यान नदिएको कटहरिया वडा नम्बर ५ बस्ने दीनानाथ साहले गुनासो गरेका छन् ।
नेपालमा इसाई धर्मावलम्बीहरूको संख्या तीव्रगतिमा बढिरहेको छ । हिन्दू धर्ममा जात वर्णको व्यवस्था अनुसार पुछारमा पारिएका दलित भनिने समुदाय, आदिवासी जनजाति समुदाय, गरिब तथा अति विपन्न परिवार र सिमान्तकृत वर्गलाई लक्षित गर्दै धर्म परिवर्तन गरी ईशाइ धर्म अपनाउनका लागि अभियान नै संचालित भएको स्थानीयहरु बताउँछन् ।
सन् २०१५ मा बनेको संविधानले धार्मिक स्वतन्त्रताको प्रत्याभूति दिएको छ ।
सन् २०१८ मा लागु गरिएको धर्म परिवर्तन गराउने विरुद्धको कानुनले कसैलाई धार्मिक आस्था परिवर्तन गर्न प्रोत्साहन गरेको अभियोगमा दोषी ठहर हुनेलाई पाँच वर्षसम्म जेल सजाय हुनसक्ने व्यवस्था गरेको सदरमुकाम गौरका कानुन व्यवसायी अधिवक्ता सुरेश तिवारीले बताए ।
तर जिल्लाको विभिन्न स्थानमा खुलेआम धर्म परिवर्तन गराउनेहरु सक्रियरूपमा लाग्दासमेत कसैले ध्यान नदिएको हिन्दु परिषद रौतहटका प्रवक्ता अभिमन्यु पटेलले बताए । उनले यस्ता गलत गतिविधि तत्काल रोक्नका लागि प्रशासन सक्रिय हुनुपर्ने बताए ।

# समाजवाद निमार्ण गर्न मोर्चा गठन गरिएको यादवको भनाई



**मधेशदृष्टि**
**वीरगंज**
जनता समाजवादी पार्टीका अध्यक्ष उपेन्द्र यादवले नेपाली विशेषताको समाजवाद निर्माण गर्न समाजवादी मोर्चा गठन गरिएको बताएका छन् ।
विहिबार ललितपुरमा पत्रकार सम्मेलन गर्दै जसपाले मुलुकमा देखापरेका राष्ट्रिय समस्या समाधान गर्दै नेपाली विशेषताको समाजवाद निर्माण गर्न मोर्चा गठन गरिएको बताएका हुन् ।
पत्रकार सम्मेलनमा जसपाका अध्यक्ष उपेन्द्र यादवले घोषित साझा विषयमा सहकार्य गर्न मोर्चा गठन गरिएको भन्दै मोर्चामा रहेका दलहरुको अलग अलग अस्तित्व रहने जिकिर गरे । उनले जसपाले आफ्ना एजेण्डा छाडेको भन्ने प्रचार गलत भएको र आफ्ना मुद्दाहरु थप बलियो ढंगले अघि बढाउने आधार तय भएको उल्लेख गरे । उनले अहिलेको बजेट एकलौटी ढंगले गठबन्धनमा रहेका दलसँग छलफल नै नगरी ल्याइएको भन्दै सुधार गर्नुपर्ने बताए ।
यादवले राज्यले देशको ठूलो समूदायलाई नागरिकता बिहिन बनाएको र अहिले पनि त्यहि मानसिकता देखिएको जिकिर गरे । उनले नागरिकता सम्बन्धी कानूनलाई व्यवहारमा लागू गर्नुपर्ने र आफ्नै देशका नागरिकलाई नागरिकता नदिने असंवैधानिक काम गर्न नहुनेमा जोड दिए ।

# सरकारले संवैधानिक आयोगहरुलाई निरिह बनाए : विजय कुमार दत्त




**मधेशदृष्टि**
**वीरगंज**
मधेशी आयोगका अध्यक्ष विजयकुमार दत्तले सरकारले संवैधानिक आयोगहरूलाई निरीह बनाएको बताएका छन् । उनले संवैधानिक आयोगहरु सरकारको मातहतका अंग नभएको भन्दै तिनको औचित्यमाथि नै प्रश्न उठ्ने गरी सरकारले खुम्च्याएर राख्ने काम गरेको बताए ।
प्रतिनिधिसभाअन्तर्गत रहेको महिला तथा सामाजिक मामिला समितिसँग आज आयोजित छलफलमा बोल्दै अध्यक्ष दत्तले सरकारले संवैधानिक आयोगहरुलाई आफ्नो मातहतको एउटा कार्यालयकोरुपमा व्यवहार गर्दा आयोगहरु भूमिकाविहीन बनेको बताए ।
उनले सरकारले बजेट नदिएर आयोगहरुलाई खुम्च्याउने र हातखुट्टा बाँध्ने काम गरिरहेको भन्दै चिन्ता व्यक्त गरे । अध्यक्ष दत्तकाअनुसार मधेशी आयोगले इतिहासमै पहिलो पटक औपचारिकरुपमा 'मधेशी' शब्दको परिभाषा, मधेशी समुदायको राज्यमा पहुँच, मधेशी समुदायको थर सूचीकरण जस्ता ऐतिहासिक कामहरु गरेको जानकारी गराए ।
छलफलमा आयोगकातर्फबाट अध्यक्ष दत्तले संवैधानिक आयोगहरु स्वायत्त र स्वतन्त्र निकाय भएकोले गर्दा सोहीअनुसार काम गर्न दिने वातावरण बनाउन आग्रह गरेका छन् ।

# लघुवित्त पीडितद्वारा पूर्व–पश्चिम राजमार्ग अवरुद्ध



मधेशदृष्टि
सिरहा ।
लघुवित्त पीडितहरुले सिरहामा पूर्व-पश्चिम राजमार्ग अवरुद्ध गर्दै प्रदर्शन गरेका छन् । बिहीबार जिल्लाको लहान नगरपालिकास्थित बलान पुल नजिकै सडक अवरुद्ध गर्दै उनीहरुले प्रदर्शन गरेका हुन् ।
लघुवित्त संस्था खारेज गर, लघुवित्त पीडितहरुको ऋण मिनाहा गर लगायतका नारा लगाउँदै उनीहरुले पूर्णरुपमा पुर्वपश्चिम राजमार्ग अवरुद्ध गरेका थिए ।
लघुवित्तका कर्मचारीहरुले मानसिक तनावसमेत दिने गरेकाले आफूहरुले विरोध प्रदर्शन गरेको प्रदर्शनमा सहभागी मन्दिरा लामाले जानकारी दिइन् ।
उनले भनिन्, 'वृद्धा आमाहरुलाई उनीहरुले ऋण लगानी गर्ने, उहाँहरुले किस्ता तिर्न सक्नु भएन भने तुरुन्तै भैंसी तान्न जाने, घरमा ताला लगाइदिने, कसैकसैले त बालबच्चा भित्रै छन्, जबर्जस्ती ढोका तानेर ताला लगाइदिएको छ ।' उनले अघि थप्दैं भनिन्, 'हामी लघुवित्त संस्थाको ज्यादतीको विरुद्धमा उत्रिएका हौं ।'
त्यस्तै लघुवितिय संस्था विरुद्धको संघर्ष समिति नेपाल वसिरहाका अध्यक्ष अजुन विश्वकर्माले चर्को व्याजमा ऋण दिने दिने र त्यसमापनि व्याज बुझाउन समयभन्दा एकाधदिन ढिला भएपनि घरमा रहेका वस्तुहरु उठाएर लगिदिने गरेको बताए ।
उनले भने, 'चर्को व्याजमा उनीहरुले ऋण लगानी गर्ने, किस्ता तिर्न अलिकति ढिलो हुनेवित्तिकै  घरमा भएको गाई, भैंसी, बाख्रा तान्न जाने, घरमा ताला लगाइदिने, जस्ता ज्यादती गर्ने गरेकाले लघुवित्त संस्थाको रवैया विरुद्ध आन्दोलनमा उत्रिएका हौं ।'
राज्यले हाम्रो मागको उचित व्यवस्थापन नगरे आन्दोलन नरोकिने अध्यक्ष विश्वकर्माले बताए ।

# अवैध मदिरासहित दुई भारतीय पक्राउ

**मधेशदृष्टि**
**सिरहा ।**
सिरहा प्रहरीले अवैध मदिरासहित दुई जनालाई पक्राउ गरेका छन् ।
तीन लाख रुपैयाँभन्दा बढी मूल्यको अवैध मदिरासहित दुईजना भारतीय नागरिकलाई नियन्त्रणमा लिई आवश्यक कारवाहीको लागि आन्तरिक राजस्व कार्यालय लहानलाई बुझाएको छ ।
पुर्वबाट पश्चिम तर्फ आउँदै गरेको बीआर ०१ पीवी ०८२७ नम्वरको टाटा सुमो गाडी धनगढीमाई नगरपालिका वडा नम्बर १० मा प्रहरीले चेक जाँच गर्ने क्रममा रोयलस्टग दुईसय चार बोतल र अफिस च्वाईस दुई सय ८७ बोतल बरामत गरी आवश्यक कार्वाहीको लागि राजश्व कार्यालय लहानलाई बुझाएको जनाइएको छ ।
मेची नाकाबाट खाली गाडीको भन्सार गराई भारतबाट नेपाल प्रवेशको गाडी धनगढीमाई प्रहरीलाई शंकालाीग चेकजाँच गर्ने क्रममा लुकाई छिपाई राखेको तीन लाख १० हजार ४१६ रुपैयाँ मूल्य बराबरको मदिरा, गाडी र गाडीमा रहेका भारत दरभङ्गा लहेरीयासराय ग्रामपञ्चायत ४ का २६ वर्षिय बैजु पण्डित र सोही ग्रामञ्चायत ७ बस्ने २३ वर्षिय कमलेश पण्डितलाई नियन्त्रणमा लिएको जिल्ला प्रहरी कार्यालय सिरहाका सूचना अधिकारी रविन्द्र राज पाण्डेयले जानकारी दिए ।
गाडी चालकका भने फारार रहेका छन्।
उनको खोजतलाई कार्य भईरहेको छ ।
बजरा मूल्य अनुसार दुई लाख ४१ हजार ५३६ रुपैयाँ मूल्य बरारको रोयलस्टग दुईसय चार बोतल र ६८ हजार आठ सय ८० रुपैयाँ बरारको दुईसय चार बोतल अफिस च्वाईस दुई सय ८७ बोतल बरामत गरेको प्रहरीले बताए ।

# वडाअध्यक्ष आलमको निधन शोकमा आज विदा


राजपुर नगरपालिका
Rajpur Municipality
नगर कार्यपालिकाको कार्यालय
Office of The Municipal Executive
राजपुर, रौतहट
Rajpur, Rautahat
मधेश प्रदेश, नेपाल
Madhesh Province, Nepal
E-mail : ito.rajpurmunrautahat@gmail.com
ito@rajpurrautahat.gov.np
www.rajpurmunrautahat.gov.np
पत्र संख्या :- २०७९/०८०
चलानी नं.:-
मिति :- २०८०/०३/०७

विषय :- शोक सम्वेदना

प्रस्तुत विषयमा यस राजपुर नगरपालिका वडा नं. ६ का दोश्रो कार्यकाल समेतका वडा अध्यक्ष श्री शेख मोजरे आलम ज्यूको अल्पआयुमा उपचारको क्रममा मिति २०८०/०३/०७ गते स्वर्गवास (मृत्यु) भएकोले निज मृतक स्व.शेख मोजरे आलमको आत्माको चिरशान्तिको कामना सहित हार्दिक शोक सम्वेदना व्यक्त गर्दछु ।

साथै मृतकको शोकाकुल परिवारप्रति धैर्यधारणको कामना गर्दै मिति २०८०/०३/०८ गते यस कार्यालय र मातहतका सम्पुर्ण कार्यालयहरुमा १ (एक) दिन शोक विदा दिईएको व्यहोरा अनुरोध छ । सेवाग्राहीहरुमा पर्न जाने असुबिधाप्रति क्षमाप्रार्थी छु ।

(बैजु ठाकुर)
नि.प्रमुख प्रशासकीय अधिकृत
बैजु ठाकुर
नि. प्रमुख प्रशासकीय अधिकृत

**मधेशदृष्टि**
**रौतहट ।**
रौतहटको राजपुर नगरपालिका स्थित एक जननिर्वाचित वडा अध्यक्षको निधन भएको छ ।
विभिन्न रोगबाट ग्रस्त भई उपचाररत्त रहेका राजपुर नगरपालिका वडा नम्बर ६ का वडा अध्यक्ष शेख मोजरे आलमको बिहीवार काठमाडौँ स्थित अस्पतालमा उपचारकै क्रममा अल्पआयूमै निधन भएको हो ।
उपचारकै क्रममा उनको निधन भएको भन्दै वडाअध्यक्ष आलमको आत्माको चिरशान्तिको कामना गर्दै शुक्रबार शोक विदा दिएको राजपुर नगरपालिकाले जनाएको छ ।
यस कार्यालय र मातहतका सम्पूर्ण कार्याल्यहरुमा एक दिनको शोक विदा दिएको जनाउँदै नगरपालिकाले सेवाग्राहीमा पर्न जाने असुविधाप्राति क्षमासमेत मागेको निमित्त प्रमुख प्रशासकीय बैजु ठाकुरले जनाएको छ ।

# मोटरसाइकलसहित कानु पक्राउ



**मधेशदृष्टि**
**रौतहट ।**
रौतहट स्थित ईलाका प्रहरी कार्यालय चन्द्रनिहपुरले चोरीको मोटरसाइकलसहित एकजानालाई पक्राउ गरेको छ ।
पक्राउ पर्नेमा पर्साको वीरगंज महानगरपालिका वडा नम्बर १० बस्ने दशरथ साह कानुका १९ वर्षिय छोरा अर्जुन साह कानु रहेको रौतहट प्रहारीले जनाएको छ ।गत ३ गते चन्द्रपुर नगरपालिका वडा नम्बर ९ स्थित डुमरिया बजारको साईडमा पार्किङ गरी राखेको मोहन कुमारको नाममा दर्ता रहेको ना. ४५ प. ७५५१ नम्बरको सिबि साईन मोटरसाइकल चोरी भएको थियो ।
खबर प्राप्त गरे लगत्तै इलका प्रहरी कार्यालय चन्द्रनिगाहपुरका प्रहरी नायब उपरीक्षक एकनारायण कोइरालाको कमाण्डमा खटिएको टोलीले खोजतलास गर्ने क्रममा फतुवा विजयपुर नगरपालीका वडा नम्बर ११ स्थित शहिद बजार चोकबाट उक्त मोटरसाइकलसहित कानुलाई पक्राउ गरेको थियो ।
उनीमाथि चोरी सम्बन्धी मुद्दा गर्दा गरी रौतहट जिल्ला अदालत गौरबाट म्याद थप गरी आवश्यक अनुसन्धान कार्य भई रहेको जिल्ला प्रहरी कार्यालय रौतहटले बिहीवार सार्वजनिक गरेको छ ।

# ईशनाथ नगरपालिकाद्वारा ५० करोडको बजेट पारित




**मधेशदृष्टि**
**रौतहट ।**
रौतहटको दक्षिणी भेग ईशनाथ नगरपालिकामा ५० करोड रुपैयाँ भन्दा बढीको बजेट विनियोजन गर्दै  सातौं नगरसभा सम्पन्न गरेको छ ।
नेपाल सरकारले तोकेको तिथि भित्रै ईशनाथ नगरपालिकाले आगामी आर्थिक वर्ष २०८०/०८१ को बजेट नीति तथा कार्यक्रम प्रस्तुत गर्दै बिहीबार नगरसभा सम्पन्न गरेको हो ।
स्थानीय सरकार, विकास र समृद्धिको मुल आधारका साथ आयोजना गरिएको नगर अधिवेशनमा मेयर कौशल्या देवी सिन्हाले आर्थिक वर्ष ०८०/०८१ को लागि ५० करोड ६९ लाख रुपैयाँको बजेट प्रस्तुत गरिन् ।
मेयर सिन्हाले प्रस्तुत गरेको बजेटमा नगरपालिकाको चालु तर्फ ३० करोड ८८ लाख ४७ हजार रुपैयाँ तथा पुँजीगत तर्फ १९ करोड १२ लाख २२ हजार रुपैयाँ खर्च विनियोजन गरेको छ । त्यस्तै  पुँजीगत तर्फ ५० लाख रुपैयाँ तथा चालु तर्फ ५ लाख रुपैयाँ विनियोजन गरिएको प्रमुख प्रशासकीय अधिकृत भुदेव झाले जानकारी दिए ।

# नगराईनको वडाध्यक्षमा मण्डललाई जिम्मेवारी



**मधेशदृष्टि**
**जनकपुरधाम ।**
धनुषाको नगराईन नगरपालिका वडा नं. २ मा वडाध्यक्ष जिम्मेवारी वडासदस्य रामपरि देवी मण्डललाई जिम्मेवारी प्रदान गरिएको छ ।
वडा नं. २ का वडाध्यक्ष बुलन यादव ७० हजार रुपैयाँ घुससहित पक्राउ परेपछि कार्यालय सँचालनको लागि वडा सदस्य सोही वडाकी वडा सदस्य रामपरी देवी मण्डलाई कामकाजको लागि वडाध्यक्षको जिम्मेवारी दिइएको हो । अख्तियारमा मुद्दा क्लीयर नभएसम्म वडाध्यक्ष यादवले कामकाज गर्न नपाउने भएपछि मण्डललाई वडाध्यक्षको जिम्मेवारी तोकिएको हो ।
उनलाई विहिबार वडा नं. २ को वडा कार्यालयमा स्वागत गरिएको हो ।

# गरुडा नगरपालिकाको सातौं नगरसभा असार १० मा हुने

**मधेशदृष्टि**
**रौतहट ।**
गरुडा नगरपालिकाको सातौं नगरसभा तथा बजेट अधिवेशन यही असार १० गते हुने गरुडा नगरपालिकाका अध्यक्ष कन्थमनी प्रसाद कलवारले जनाएको छ ।
केही व्यक्तिहरुले गलत र भ्रामकरुपमा नगरसभाबारे अफवाह फैलाइरहेको भन्दै सभाध्यक्ष कलवारले नगरसभा बैठक स्थगित भयो भन्ने भ्रामक सन्देश प्रवाह भइरहेको कुरामा सत्यता नरहेको भन्दै उनले यही असार १० गते सातौं नगरसभा अधिवेशन हुने स्पष्ट पारे ।
नगरपालिकाले जारी गरेको विज्ञप्तिमा भनिएको छ, 'स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७१ को उपदफा १ बमोजिम आगामी आर्थिक वर्षको लागि नगरपालिकाको बजेट असार १० गते भित्र नगरसभामा पेस गर्नुपर्ने अनिवार्य व्यवस्था भएकोमा सभाको बैठकको सूचना भइसकेकोमा केही व्यक्तिहरुले नगरसभा बैठक स्थगित भयो भन्ने भ्रामक सन्देश प्रवाह भइरहेको कुरा झुठ्ठा हो यसमा कुनै सत्यता नभएको कुरा स्पष्ट गर्दछु ।'
सभाध्यक्ष कलवारले उपाध्यक्ष पुनम कुमारी चौधरीसमेतले यही असार १० गते आह्वान गरिएको नगरसभाको सातौं बजेट अधिवेशन स्थगित गर्न सचिव मार्फत निवदेन दिएपनि गाउँसभा कार्य सञ्चालन कार्यविधि ऐन २०७७ को परिच्छेद ८ विपरित भएकोले खारेज गरिएको स्पष्ट पारे ।
नउले यस अधिवेशनमा उपस्थित हुनका लीग नगरपालिकाका नगरसभाका उपाध्यक्ष, नगरसभा सदस्यहरु, नगरसभाको बैठकमा अनिवार्यरुपमा उपस्थित हुन आग्रह गरेका छन् ।

❝ जीवन एउटा कहिल्यै नसकिने समाप्त नहुने वसन्त हो ।

— बी.पी. कोइराला



## सम्पादकीय

# वीरगंजमा बिजनेस

वीरगंज महानगरपालिकाले १३ औँ नगरअधिवेशनमा ३ अर्ब २१ करोड ३५ लाख ४४ हजार रुपैयाँको बजेट प्रस्तुत गरेको छ । बजेटमा शिक्षा र युवालाई वीरगंजमा अवसर प्रदानलाई केन्द्रित गरेको छ। महानगरले भनेको छ, 'विदेश होइन बिजनेस ।' खासगरी वीरगंजमा चैं भारतलगायत अन्य क्षेत्रबाट दक्ष, अर्धदक्ष र अदक्ष जनशक्तिको भर पर्नु पर्ने र वीरगंजका युवा चैं आर्थिक राजधानी र महानगरबासी भएर पनि विदेशिनु पर्ने अवस्था अन्त्यलाई महानगरले आफ्नो महत्वाकांक्षी योजना बनाएको छ । स्वरोजगारमूलक उद्यमदेखि अनेक सीपमूलक कार्यमा युवालाई जोड्न प्रयास गरिएको छ। अर्कातिर २ सय ९९ दरबन्दीका शिक्षक खाली रहेको महानगरमा शिक्षालाई जोड दिन स्वयम् सेवक शिक्षकका लागि ४ करोड ७५ लाख रुपैयाँ बजेटमै व्यवस्था गरिएको छ । यो बजेट बेरोजगार युवालाई आंशिकरुपमा व्यवस्थापनको एउटा महत्वपूर्ण योजना हो । जसले शैक्षिक गुणस्तर वृद्धिमा सहयोग पुग्नुका साथै अवसर अभावमा विदेशिने युवालाई महानगरमै केही अवसर उपलब्ध हुनेछ। निरास र शिक्षित बेरोजगारलाई आशाको सिचाईं गराउँदछ । यस्ता कार्यक्रमहरु प्रभावकारीसँग कार्यान्वयन गर्न सके पक्कै महानगर नेतृत्व अरु लोकप्रिय हुनेछ।

बजेटमा खासगरी वीरगंज महानगरले संघीय सरकारबाट १ अर्ब ३३ करोड २१ लाख रुपैयाँ र प्रदेश सरकारको राजस्व बाँडफाँडबाट ४ करोड ४५ लाख रुपैयाँ अपेक्षा गरेको छ। उसो त आन्तरिक राजस्वबाट १ अर्ब २० करोड ४४ लाख रुपैयाँ र राजस्वबाट २५ करोड २४ लाख ७० हजार रुपैयाँ अपेक्षा छ। ७७ प्रतिशत अर्थात् २ अर्ब ४८ करोड ८५ लाख रुपैयाँ चालू बजेट रहेको वीरगंज महानगरले शिक्षामा १२ करोड २० लाख रुपैयाँ बजेट विनियोजन गरेको छ। सामुदायिक विद्यालयमा सरस्वती पूजामा समेत विद्यार्थीले १ रुपैयाँ खर्च गर्न नपर्ने गरी महानगरले नै बजेट दिने प्रतिवद्धता गरेको छ। विद्यार्थी र अभिभावकलाई अतिरिक्त भार नदिने महानगरको योजना कार्यान्वयनका लागि यो बजेट कार्यान्वयन हुन जरुरी छ । शिक्षा र स्वास्थ्यमा महानगरले छुट्याएको बजेट टोलसम्म पुग्न सके पक्कै यसले वीरगंजको बदलिँदो तस्बिरलाई अरु फरक देखाउने अनुमान गर्न सकिन्छ । शिक्षित समुदाय निर्माणमा महानगरले गरेको लगानीको प्रतिफल देखिनुपर्छ। शिक्षामा फड्को नमारी अरु कुनै क्षेत्रमा प्रगति हुन्न भन्ने महानगरको निष्कर्षमा सबैको साथ जरुरी छ । यसो भए मात्र बजेट सफल हुनसक्छ।

खासगरी वीरगंजमा युवा पुस्तालाई राख्नु नै महत्वपूर्ण हो। 'विदेश होइन बिजनेस' भन्ने जुन थिम वीरगंज महानगरले बजेटमै लेखेको छ। यो वीरगंजका लागि पक्कै दूरदर्शी र महत्वाकांक्षी सपना हो । श्रम बजार व्यवस्थापनका आधारहरु तयार पारेर श्रमशक्ति खपत गर्न सक्ने उद्यमहरु स्थापना पनि जरुरी छ। यसका लागि प्राविधिक शिक्षा दिने तालिममूलक प्रतिष्ठानहरु स्थापना, उद्यमहरुमा आवश्यक जनशक्तिको किसिम र संख्या पनि अध्ययन गरिनु पर्छ। हामीकहाँ अध्ययनविनाको जनशक्ति उत्पादन र सस्तो श्रम बजारमा महंगो शिक्षाका शैक्षिक बेरोजगार उत्पादनका कारण पनि सबै क्षेत्र निरासाजनक बनिरहेको छ । बिजनेससँग उत्पादन र उपभोक्ता जोडिनु पर्छ। उपभोक्ता बजारको रोजाइ अनुसारका उत्पादन गर्नसक्ने बिजनेस वीरगंजको लक्ष हुनुपर्छ । यसका लागि प्रशस्त अध्ययन हुनुपर्छ। उत्पादन गरेर उपभोक्ता भएनन् भने बिजनेस मर्छ। बिस्तारै माथि उठ्दै गरेको वीरगंज बजारलाई उपभोक्ताअनुकुल बिजनेसमा जोड्नु नै पहिलो प्राथमिकता बन्नु पर्छ । वीरगंजमा बिजनेसको नारा सार्थक पार्ने अभियानमा उपभोक्ता जोडिनु पर्छ । उपभोक्ताविनाको बिजनेस परिकल्पना सार्थक हुनै सक्दैन।

## ✍ लेखक वर्गमा अनुरोध

मधेशदृष्टि दैनिक यहाँहरूबाट नवीन, सिर्जनात्मक, तार्किक, दार्शनिक, समयसापेक्ष आलेखको अपेक्षा गर्दछ। मधेश प्रदेशलाई केन्द्रित गरेर राजनीतिक, सामाजिक, आर्थिकसहित अन्य क्षेत्रका विषयमा यहाँहरूले कलम चलाउन सक्नुहुनेछ । पठाउनु भएका लेख कम्तीमा ७ दिन अन्य सञ्चारमाध्यममा नपठाउनु हुन पनि अनुरोध गर्दछौं। लेख पठाउँदा लेखकको तस्बिर, परिचय, सम्पर्क नम्बर अवश्य उल्लेख गर्नुहोला । लेखरचना एक हजार दुई शब्दसीमामा पठाउनु हुन पनि अपिल गर्दछौं। हाम्रो इमेल ठेगाना होः madheshdristi@gmail.com

# रामायणकी सीताबारे यत्रो विवाद आजकी सीताबारे किन सबै मौन?



● जीवन क्षेत्री

नेपालमा पोडकास्टका नाममा कुनै फुर्सदिलो मानिस ल्याएर घन्टौं उसका अन्टसण्टन्ट कुरा सुन्ने र उसको अहंकार तुष्टि गर्ने लहर चल्नुभन्दा पहिल्यैदेखि भृकुटी राई र इतिसा गिरीले चलाउने गरेको 'बोजु बजै' ले सरल भाषामा गहन विषयहरूको उठान र चोटिलो विमर्श गर्दै आएको छ।

त्यही पोडकास्टको सब्स्ट्याक पेज 'कोल्ड टेक्स बाइ बोजु बजै' बाट हालै मेरो इमेलमा एउटा पोस्ट आयो – ह्वाट वुड सीता डु ?

त्यसको अन्तिमतिर यो अनुच्छेद छ – यदि आजको नेपालमा सीता हुन्थिन् भने रामले परित्याग गरेकी एकल आमा भएकाले उनी वडा कार्यालयमा गएर घोषणा गर्नुपर्थ्यो, मेरा केटाकेटीका बाबु रामको अत्तोपत्तो छैन। त्यसपछि मात्रै उनले आफ्नो नागरिकताका आधारमा सन्तानलाई नागरिकता दिलाउन सक्थिन्। कथंकदाचित रामायणमा भनिएझैं पछि गएर राम केटाकेटीको पितृत्व दाबी गर्न आए भने झुटा बोलेको आरोपमा सीताले जरिवाना तिर्न र जेल जानुपर्थ्यो । यो एउटै अनुच्छेदले अहिले नेपालमा एउटा फिल्म र नागरिकता ऐनका विषयलाई लिएर चलिरहेको राष्ट्रवादी हौवालाई जमिनमा अवतरण गराउँछ ।

र, कमै सोधिने तर नसोधी नहुने एउटा प्रश्न सोध्छ – शास्त्रमा लेखिएकी सीताका विषयमा यत्रो विवाद, सरोकार, बहस र खिचातानी हुँदा आजका दिनमा स्वतन्त्र नागरिक बन्ने चेष्टाकै कारण राज्यबाट अपमानित सीताहरूबारे हाम्रो चिन्ता खै ? नागरिकता ऐनमा यस्तो विभेदकारी प्रावधान राख्न पाइँदैन भनेर आवाज बुलन्द भएको खै ? हालै यस विषयमा क्लबहाउसमा भएको एउटा पेचिलो बहसमा मैले उक्त अनुच्छेद पढेर सुनाएँ। पक्ष र विपक्षमा बहस भयो । 'आदिपुरूष' फिल्मको एउटा संवाद र त्यसका लेखकले बोलेको एउटा वाक्यका कारण काठमाडौं महानगरपालिकामा हिन्दी फिल्म निषेध गर्ने मेयर बालेन शाहको निर्णयको पक्षमा हुने साथीहरूले तर्क गरेः

– राम र सीता बाँचेको समयमा अहिलेको नेपाल र भारत थिएनन् होला तर अहिले त जनकपुर नेपालमा पर्छ र सीता नेपालकी सांस्कृतिक विम्ब बनिसकेकी छन्। त्यसैले उनलाई भारतीय वा भारतमा जन्मेकी भन्न मिल्दैन।

– भारतले गर्ने धेरै बलमिच्याइँमध्ये सांस्कृतिक थिचोमिचो पनि एक हो। त्यसैले त्यसको जसरी सकिन्छ उसरी प्रतिकार गर्नुपर्छ।

– कानुनले महानगरको मेयरलाई फिल्म रोक्ने अधिकार नदिएको हुन सक्ला तर देशको सार्वभौमसत्ताको रक्षा गर्नु सबैको कर्तव्य हो भनेर संविधानमै लेखिएको छ, त्यसैले फिल्म रोक्नु उसको कर्तव्य हुन्छ, आदि । यो सिंगो प्रकरणमा मेरा तीन आधारभूत तर्क थिए ।

एक, कुनै फिल्ममा भएको संवाद वा त्यसका लेखकले भनेको कुराबाट आक्रोशित हुन वा प्रतिवाद गर्न पाइन्छ। त्यस्तो कलाकर्म बहिष्कार गर्न पनि पाइन्छ। त्यसैले यो प्रकरणमा बालेनले विधिवत रूपमा र निर्विवाद गर्न सक्ने एउटा काम थियो – फिल्म हेर्न हलमा नजाने। वास्तवमा यो त्यतिमै सिद्धिनुपर्ने कुरा थियो । दुई, यो देशको सार्वभौमसत्ता के हो र त्यो कसरी सुरक्षित हुन्छ भनेर निर्धारण गर्ने ठेक्का कसको हो? सार्वभौमसत्तामा आँच आउने कुरा हलमा नदेखाइयून् भनेर चलचित्र सेन्सर बोर्ड राखिसकेपछि, उसले एउटा संवाद हटाएर फिल्म देखाउने अनुमति दिएपछि, महानगरले कुन कानुनी प्रावधानमा टेकेर नगर प्रहरी पठाएर फिल्म रोकेको हो ? तीन, सार्वभौमसत्ता सम्पन्न देशको स्वतन्त्र नागरिक हुनुका नाताले संसारको जहाँसुकै बनेको साहित्य वा कलाकर्म हेर्न, सुन्न वा पढ्न मैले पाउने कि नपाउने? कि मैले अबदेखि आफ्नो र कला-साहित्यको बीचमा 'राष्ट्रवादी' सेन्सरसिपको पर्खाल स्वीकार गर्नुपर्ने हो? हामीले स्थानीय निकायहरूमा काम गर्ने प्रतिनिधि चुनेको हो कि हाम्रा लागि केकस्ता कलाकर्म स्वीकार्य हुन् भनेर सेन्सर गर्ने, हाम्रो विचार निर्माणको प्रक्रियामै हस्तक्षेप गर्ने इरानी पाराको 'मोरालिटी पुलिस' चुनेको?

यो प्रकरणमा विकास भएका घटनाक्रमहरूले भविष्यमा सिर्जना हुने यस्ता बहसहरू, तिनले बनाउने भाष्य र त्यसले आम नागरिकका जीवनमा पार्ने प्रत्यक्ष प्रभावहरूका कारण यसलाई विस्तारमा बुझ्न र विमर्श गर्न आवश्यक छ।

जुन समयमा नेपालमा फिल्मविरोधी राष्ट्रवादको उभार आयो, त्यसभन्दा केही दिनअगाडि मात्रै एक युवाले काठमाडौंको केन्द्रमा आत्मदाहको प्रयास गरे। यही उभार चल्दाचल्दै पूर्वबाट चलेको मनसुनको ताण्डवका कारण झण्डै दर्जन जनाको मृत्यु भयो, एक दर्जनभन्दा धेरै मजदुर त एउटै जलविद्युत आयोजनाको स्थलबाट बेपत्ता भए । हेर्दा यी दुवै फुटकर घटनाजस्ता लाग्छन्। तर एकपल्ट ठन्डा दिमागले सोचौं त, नागरिकता पाउने संवैधानिक अधिकारका बाबजुद पूर्व राष्ट्रपतिको असंवैधानिक कदम र न्यायालयको निरन्तरको अनुदार रवैयाका कारण वर्षौंवर्ष नागरिकता नपाएका, उच्च शिक्षामा भर्ना हुन र बैंक खातासम्म खोल्न नपाएका झन्डै ६ लाख नागरिकको बिजोग कति गम्भीर कुरा हो ? त्यस्तै महिनौंको खडेरीपछि देशमा प्रवेश गरेको मनसुनले सुरूआती दिनमै यत्रो धनजनको क्षति गरेपछि अबको डेढ महिनासम्ममा हुन सक्ने क्षति र त्यसको न्यूनीकरणका लागि गर्नुपर्ने तयारी कति गम्भीर कुरा हुन् ?

यी दुवैलाई एउटा फिल्ममा 'सीता भारतकी छोरी हुन्' संवाद भन्ने राखिएको कुरा र सामान्य ज्ञानमा कमजोर एउटा भारतीय नागरिकले कुनै बेला नेपाल भारतको भूभाग थियो भनेको बकम्फुसे कुराको सापेक्षमा राखेर हेरौं त ! एकातिर लाखौं मानिसको नैसर्गिक अधिकार कुल्चिएको र दैनिक जीवन चौपट भएको छ। अरू लाखौंलाई यो बर्खाभरि बाँचिने हो कि होइन भन्ने भय छ। अर्कोतिर मानिसहरूको 'भावनामा चोट पुगेको' छ।

यीमध्ये कुन चाहिँ नेपालको राष्ट्रिय मुद्दा बन्नुपर्थ्यो? सिंगो देश खटिएर समस्याको समाधान खोज्नुपर्थ्यो। अनि कुनलाई खाली बेवास्ता गरे पुग्थ्यो?

सार्वजनिक विमर्शको यस्तो विषयान्तर असाध्य गम्भीर र डरलाग्दो कुरा हो।यी त भए नेपालको परद्वेषी राष्ट्रवादका केही व्यावहारिक पाटा। अब त्यसका केही सैद्धान्तिक पक्ष हेरौं।जसरी नश्लभेदी वा जातिभेदीहरूले मानिसलाई नश्ल र जातका आधारमा अपरिवर्तनीय समूहहरूमा बाँड्छन्, उग्रराष्ट्रवादीहरूले पनि राष्ट्रियताका आधारमा मानव जातिलाई त्यसरी नै बाँड्छन्।त्यसो गर्नासाथ व्यक्तिका बाँकी सबै पहिचान गौण हुन पुग्छन्। व्यक्ति हाड-छाला भएको, भोक लाग्ने, रोजगारी आवश्यक पर्ने, राज्यप्रति मिश्रित भाव बोकेको विवेकशील मानिसबाट राष्ट्रियताको एक आयामिक पहिचान बोकेर हिँड्ने भीडको एउटा सदस्यमा बदलिन्छ।उसको जीवनका अरू सबै मुद्दाहरू ओझेलमा पर्छन्। ऊ परिआएमा संविधान मिच्न वा हिंसामा उत्रिन पनि हिच्किचाउँदैन।




यस्तो उग्रराष्ट्रवादी भाष्य हावी हुने नेपाल एक्लो देश भने पटक्कै होइन। संसारमा जति पनि तानाशाह वा तानाशाह-अपेक्षीहरू छन्, तीमध्ये सबै जसोले त्यस्तो भाष्यलाई मलजल गर्छन्।

सिरियाको इस्लामिक स्टेट लगायत आतंककारी समूहहरूले विभिन्न देशमा हत्या र आतंक मच्चाउँथे, अमेरिकामा डोनाल्ड ट्रम्पले धेरै सिंगा मुस्लिम-बहुल देशहरूलाई नै 'मलद्वार-देश' भनेर सूचिकृत गरिदिन्थे। केही आतंककारीहरूको अपराधलाई लिएर सिंगो समुदाय र देशलाई लाञ्छित गर्थे।हुँदा हुँदा २०१८ फेब्रुअरी १८ मा ट्रम्पले स्वीडेनमा हुँदै नभएको आतंककारी हमलालाई उद्धृत गर्दै अमेरिकामाथि मडारिइरहेको भनिएको आतंकवादको जोखिमको विषयलाई उराले। पछि गएर धेरैले अनुमान लगाए – ट्रम्प पक्कै पाकिस्तानको सेहवान नामक ठाउँ र स्वीडेन देशको नाममा झुक्किएको हुनुपर्छ किनकि दुई दिनअगाडि सेहवानको एउटा सुफी तीर्थस्थलमा भएको आत्मघाती हमलामा ८५ जना मारिएका थिए।साँचो कुरा जेसुकै भए पनि त्यसले ट्रम्पका उग्रसमर्थकहरूलाई केही फरक परेन। उनीहरूलाई जसरी हुन्छ मुसलमानहरूको दानवीकरण गर्नु थियो। त्यही दानवीकरणमा आधारित आप्रवासन नीतिको पैरवी गर्नु थियो। श्वेत सर्वसत्तावादी शासन स्थापित गर्नु थियो।आफ्नो विश्वदृष्टि अनुसारको भाष्यले सत्यमा टेकेको होस्, अर्धसत्यमा वा झुटमा, उनीहरूलाई केही फरक पर्दैन थियो। जबसम्म ट्रम्पले उनीहरूका काल्पनिक वैरीहरूमाथि निशाना साँधिरहन्थे, तबसम्म उनले गरेको जुनसुकै भ्रष्टाचार वा दुराचारप्रति आँखा चिम्लिदिन उनीहरू तयार थिए।

सामाजिक सञ्जालको यो युगमा संसारका सबै देश र समाजहरूमा अहिले यस खाले खतरा छ।

यो लेखमा मैले जोडेका तीन विषयबीच कस्तो अन्तर्सम्बन्ध छ भनेर बुझ्न एउटा परिदृश्य कल्पना गरौं – नागरिकता नपाएको तोडमा काठमाडौं महानगरको बीचमा रहेको माइतीघरमा आत्मदाहको प्रयास गर्ने नीरजकुमार कामतको पक्षमा बालेनले सटिक र पेचिलो पोस्ट लेख्दै नागरिकताको मुद्दामा देखिएको उग्रराष्ट्रवादलाई ठाडो चुनौती दिएको भए के हुन्थ्यो?अथवा किताबभित्रकी सीता माताको जयगान गाउनुको सट्टा अहिले राज्यले दिइरहेको अपमानको विष पिएर सन्तानलाई नागरिकता दिलाउन विवश एकल महिलाहरूको पक्षमा दरो आवाज उठाएको भए के हुन्थ्यो?

अहिले उनको वाहवाही गरेका अधिकांश राष्ट्रवादीहरू अरिँगालझैं उनीमाथि खनिने थिए। सामाजिक सञ्जालमा उनका प्रशंसक र समर्थकहरूको संख्या ओरालो लाग्ने थियो। उस्तै परे उनले सामाजिक सञ्जालमा देशद्रोही भएको आरोप खेप्नुपर्ने थियो। मानिसहरूको धम्की सुन्नुपर्ने थियो।

त्यसको बदला विवादित संवाद मेटेर चलचित्र सेन्सर बोर्डले पास गरिसकेको फिल्म मात्र नभई सबै भारतीय फिल्म काठमाडौंका हलमा रोक्ने 'लोकप्रिय' निर्णय गर्दा उनले ठ्याक्कै उल्टो प्रतिक्रिया पाए। उनको चौतर्फी वाहवाही र जयगान भयो। अरू सहरका मेयरहरूसमेत उनको त्यो होडमा सामेल भए।अर्थात् भीडको कसैलाई चिढ्याएर भए पनि न्यायको पक्ष लिनुभन्दा भीडको मनोविज्ञान बुझेर भीडकै पछि लाग्न बालेनलाई सहज र लाभदायी भयो।

नेतृत्वको यस्तो प्रवृत्ति किन खतरनाक हुन सक्छ भन्ने एउटा उदाहरण –

कुनै बेला उग्र नारामार्फत भीडलाई विरोधी पार्टी र यथास्थितिप्रति रूष्ट बनाएर जनमत जितेका डोनाल्ड ट्रम्पले एउटा बिन्दुमा गएर त्यही भीडमाथिको नियन्त्रण गुमाए।

एउटा भाषणमा उनले 'मैले (कोभिडको) भ्याक्सिन लगाएँ' के भनेका थिए, भीडले उनैलाई उल्लिबिल्ली पारेर अपमानित गर्न थाल्यो। पछि गएर उनले भ्याक्सिन लगायतका केही विषयहरूका बारेमा बोल्नै छाडे जसमा उनको घोषित धारणा उनको मुख्य जनमतको भन्दा 'उदार' थियो। अर्थात भीडले उनलाई सेन्सर गर्न थाल्यो, भीडले चाहेको विषयमा आगो ओकल्ने उनी भीडले चित्त दुखाउला जस्तो लागेको विषयमा चुप बस्न थाले। नेतामाथिको आफ्नो यस्तो नियन्त्रणशक्ति पत्ता लगाएको उग्र भीडले उनलाई अझ बढी अनुदार, परद्वेषी र श्वेत सर्वसत्तावादी हुने बाटोमा डोऱ्याउँदै लग्यो।

रामायणकी सीताका विषयमा रातदिन चिन्ता गर्ने नेपाली राजनीतिका नयाँ नयाँ पात्रहरू आजकी सीतामाथिको ठाडो अन्याय हुँदा मुकदर्शक बनेर बस्नु त्यस्तै भीड-सिर्जित सेन्सरसिपको परिणाम त होइन?

हो भने यस्तो राजनीतिले हामीलाई जनउत्तरदायी लोकतन्त्रको मुकाममा पुऱ्याउला कि नागरिकलाई भोकभोकै पारेर राष्ट्रवादको नारा उराल्ने अधिनायकवाद वा सर्वसत्तावादको भासमा?

# ‘ब्रोइलर’ कुखुराको मासु अभाव



**रासस**
**भरतपुर।**
नेपालमा ब्रोइलर कुखुराको मासु अभाव भएको छ । किसान कुखुरा पालन व्यवसायबाट पलायन हुनेक्रम बढेसँगै देशभर मासुको अभाव भएको हो । नेपाल पोल्ट्री महासङ्घका उपाध्यक्ष टीकाराम पोखरेलका अनुसार ९० प्रतिशत किसानले कुखुरा पाल्न छाडेका छन्।

बैंकले किसानलाई ऋण नदिँदा किसानले चल्ला र दाना किनेर कुखुरा पाल्न सक्ने अवस्था नरहेको उपाध्यक्ष पोखरेलले बताए। उनले भने ‘किसानले गरेको उत्पादनको मूल्य राम्रो छ, तर किसानले चल्ला हाल्नसक्ने अवस्था छैन। तीन चार वर्ष घाटा खाएका किसान फेरि घाटामा परिन्छ कि भन्ने डरले कुखुरा पाल्न सकेका छैनन् ।’ बजारको माग अनुसारको उत्पादन नहुँदा देशभर कुखुराको मासुको अभाव भएको उनले जानकारी दिए। ‘ह्चारी र दाना उद्योगबाट किसानले एक दुई महिनाका लागि उद्यारो पाउने गर्थ्ये, उनले भने ‘अहिले नगद बिना कारोबार हुनै छाड्यो, त्यस कारण पनि किसानले कुखुरा पाल्न सक्ने अवस्था छैन ।’ अहिले व्यावसायिक रुपमा स्थापना गरिएको ठूला फर्मले मात्र कुखुरा पालेको उपाध्यक्ष पोखरेल बताए।

उनले सरकारले किसानको मनोवल उच्च बनाउने योजना र कार्यक्रम ल्याउन नसके पोल्ट्री क्षेत्र थप धरासायी बन्ने बताए। आर्थिक मन्दिलगायतका कारणले नेपालमा कुखुराको मासु उत्पादन र खपत दुवै घटेको नेपाल कुखुरा व्यवसायी मञ्चका कार्यकारी अधिकृत शिव बराललले जानकारी दिए । दैनिक १० लाख केजी कुखुराको मासु उत्पादन हुने गरेको नेपालमा अहिले घटेर दैनिक ६ लाख केजी मात्र उत्पादन हुने गरेको उनको भनाइ छ। उनले नेपालमा मासुको उत्पादनसँगै खपत पनि घटेको बताए। नेपालमा कुखुरा पाल्ने ३० हजार किसानमध्ये आधा घटेको उनले जानकारी दिए।

‘साना/ठूला सबै फर्म धरासायी छन्, यो अवस्थामा कहिलेसम्म धानिने हो’, उनले भने । नेपाल कुखुरा बजार व्यवसायी सङ्घका अध्यक्ष कृष्णहरि लोहनीले देशभर मासु अभाव रहेको बताए । चालीस दिनमा दुई किलो देखि दुई किलो पाँच सय ग्रामसम्म हुने कुखुरा अहिले एक किलो पाँच सय ग्राम मात्र हुने गरेको बताए। ‘गर्मीका कारण पनि यो समयमा कुखुराको वजन राम्रो हुँदैन । वजन राम्रो नहुँदा किसानलाई घाटापर्छ। त्यसकारण पनि किसानले कुखुरा पालेका छैनन्, उनले भने’ । नेपालमा भारतबाट पनि लुकाइछुपाइ कुखुरा ल्याउने गरिएको छ । अहिले सिमा क्षेत्रमा कडाइ गरिएका कारण पनि त्यसरी ल्याइने कुखुरा नआएको लोहनीले बताए । अहिले ब्रोइलर कुखुराको किसानको खोर मूल्य दुई सय ८० रुपैयाँ देखि तीन सय रहेको छ । बजारमा उपभोक्ताले किन्दा चार सय ८० देखि पाँच सयसम्म पर्ने गरेको छ। काठमाडौँ, पोखरालगायतका बजारमा ब्रोइलर कुखुरा खपत गर्ने चितवनलाई आफ्नै जिल्लाको उत्पादनले पुगिरहेको छैन । यहाँ पनि अन्य जिल्लाबाट कुखुरा ल्याउन थालिएको छ। भरतपुरको सिनर्जी मिट सप्लायर्सका सञ्चालक सुमन जोशी एक महिनादेखि कुखुराको अभवा भएपनि पछिल्लो एक सातदेखि झन् धेरै अभाव भएको बताए।

उनले ब्रोइलर कुखुरा नपाउँदा आफूले बिहान पसल खोलेर बेलुका बन्द गर्नुपरेको बताए। ‘दैनिक रुपमा ग्राहक फर्किनुपरेको छ, उनले भने ‘होटल रेष्टुराँमा पनि मासु पुर्‍याउन धौधौ भइरहेको छ ।’ उनले गर्मीको समयमा उत्पादन कम, कुखुराको वजन कम र मृत्युदर बढी हुने गरेको जानकारी दिए । नेपाल अण्डा उत्पादक सङ्घका अध्यक्ष शिवराम केसी अण्डा अभाव नभएपनि उत्पादनमा भने कमी आएको जानकारी दिए। उनले लेयर्स कुखुरा पाल्ने धेरै किसान विस्थापित भएको जनाउँदै राज्यले ठोस नीति ल्याउन नसके अझै धेरै किसानका व्यवसाय बन्द हुने बताए।

# वैदेशिक सहयोग पनि खर्च भएन !




**नारायण न्यौपाने**
**काठमाडौँ।**
प्रदेश र स्थानीय तहले आवश्यक चासो र ध्यान नपुर्‍याएका कारण लोकतान्त्रिक पद्धति सुदृढीकरण र शासकीय सुधार क्षमता अभिवृद्धि कार्यक्रमका लागि प्राप्त वैदेशिक सहयोगको ठूलो अंश खर्च नभएको तथ्य सार्वजनिक भएको छ।

सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय मातहत सञ्चालनमा रहेको प्रदेश तथा स्थानीय शासन सहयोग कार्यक्रम ( पिएलजीएसपी) को ठूलो रकम खर्च हुन नसकेको हो। आर्थिक वर्ष २०७६/७७ देखि २०७९/८० सम्म उक्त कार्यक्रम सञ्चालनका लागि १४ अर्ब ९५ करोड रुपैयाँ रकम व्यवस्थापन गरिएकामा गत चैतसम्म तीन अर्ब २३ करोड ८७ लाख रुपैयाँ मात्र खर्च भएको राष्ट्रिय कार्यक्रम निर्देशक व्यवस्थापक भूपेन्द्र सापकोटाले जानकारी दिए। प्रदेश तथा स्थानीय सहयोग कार्यक्रम सङ्घीय सुशासनमा केन्द्रित सरकारको मुख्य राष्ट्रिय कार्यक्रम हो। मुलुक आर्थिक सङ्कटको चुनौतीसँग जुधिरहेका बेला वैदेशिक सहयोगमा सञ्चालित कार्यक्रमका लागि प्राप्त अनुदानसमेत खर्च हुन नसक्नुलाई प्राथमिकता प्राप्त कार्यक्रममै तीन तहकै सरकारको आवश्यक चासो र ध्यान नपुगेको घटनाका रुपमा हेरिएको छ। लक्षित कार्यक्रम सञ्चालनका लागि कतिपय प्रदेश र स्थानीय तहले तोकिएको समयमा सहयोग लिन नआएका तथा केहीले सहयोग लिएर पनि सही ढङ्गले प्रयोग नगरेकाकारण अनुदान बेरुजु हुन पुगेको छ। कानुनको मस्यौदा तर्जुमा, अन्तर-सरकारी संयन्त्र स्थापना, सार्वजनिक वित्त व्यवस्थापन, विद्युतीय सुशासन र जवाफदेही तुल्याउन क्षमता अभिवृद्धि गराउने अर्थात् खासगरी प्रदेश र स्थानीय तहमा संस्थागत संरचना सुदृढ तुल्याउने सन्दर्भमा कार्यक्रम लक्षित छ। प्रदेश र स्थानीय दुवै तहमा जनप्रतिनिधि, संरचना र त्यहाँ काम गर्ने जनशक्ति नयाँ भएकाले सबै पक्षमा क्षमता अभिवृद्धि गर्ने कार्यक्रमको उद्देश्य हो। उक्त कार्यक्रमका लागि सरकारबाट तीन अर्ब ४५ करोड रुपैयाँ र संयुक्त राष्ट्रसङ्घ, युरोपियन युनियन, नर्वेलगायत नेपालका विकास साझेदार संस्थाबाट ११ अर्ब ५० करोड रुपैयाँ अनुदान उपलब्ध छ। सो रकममध्ये सङ्घीय सरकारलाई एक अर्ब ८९ करोड ७५ लाख, प्रदेशलाई सात अर्ब २२ करोड २० लाख र स्थानीय तहका लागि पाँच अर्ब ८३ करोड पाँच लाख रुपैयाँ बजेट व्यवस्थापन गरिएको थियो।

कार्यक्रमले नयाँ संरचनाका लागि आवश्यक ऐन तथा नीति निर्माण, अन्तर सरकारी संयन्त्रको सवलीकरण, सार्वजनिक वित्त व्यवस्थापन सुदृढीकरणसहित १४ वटा उपलब्धिको अपेक्षा गरेपनि खास गरी संविधान अनुरुप सङ्घीय शासन प्रणालीलाई टेवा पुग्ने गरी सबै तहका सरकारी निकाय र अन्तर सरकारी संयन्त्रलाई पूर्ण क्रियाशील बनाइने लक्ष्य राखेको छ।

त्यस्तै प्रदेश र स्थानीय तहमा दक्ष, प्रभावकारी, समावेशी र उत्तरदायी संस्थागत संरचना तयार गरिने तथा कार्यक्रम कार्यान्वयनसँगै निर्वाचित जनप्रतिनिधि र कर्मचारीबाट सेवा प्रवाह प्रभावकारी हुने अपेक्षा छ। मन्त्रालयका सचिवको अध्यक्षतामा बसेको राष्ट्रिय कार्यान्वयन समिति र राष्ट्रिय वित्तीय जोखिम परामर्श उपसमितिको पछिल्लो बैठकले कार्यक्रमको हालसम्मका उपलब्धि, लक्षित नतिजा हासिल गर्न गरिएका प्रयासको समीक्षा गर्दै आगामी दिनमा कार्यक्रमलाई थप नतिजामुखी तुल्याउन हरसम्भव प्रयास गर्ने अठोट लिएको छ।

सातौँ बैठकका निर्णय कार्यान्वयन र भावी कार्ययोजना, चालु अवधिको प्रगति विवरण, आगामी आवका लागि प्रस्तावित बजेट कार्यक्रम र तेस्रो पक्षबाट प्रस्तुत अनुगमन मूल्याङ्कन प्रतिवेदनमा सो अवसरमा विस्तृत एवं गहन छलफल भएको व्यवस्थापक सापकोटाले बताए। कार्यक्रम कार्यान्वयनको अवधि समाप्त हुन लागे पनि सहयोग रकमको ठूलो अंश खर्च नभएको परिप्रेक्ष्यमा आगामी एक वर्षलाई सङ्क्रमणकालीन वर्षका रुपमा अघि बढाउने र त्यसपछि सरोकारवाला पक्षसँगको बृहत् छलफलका आधारमा नयाँ कार्ययोजना र ढाँचा निर्क्यौल गरिने बताइएको छ।

कार्यक्रमले लैङ्गिक समानता र सामाजिक समावेशिता, नवप्रवर्तन साझेदारी केन्द्र स्थापना र नागरिक सहभागिता अभिवृद्धिमा समेत दुवै तहका सरकारलाई सहयोग पुर्‍याउँदै आएको छ। उक्त कार्यक्रमले प्रदेश र स्थानीय तहमा सङ्घीयताको संस्थागत विकास र सुदृढीकरणका लागि सहकारी सङ्घीयताको भावनाअनुरुप साझा संरचना प्रदान गर्दैआएको छ। कार्यक्रम सङ्घ, प्रदेश तथा स्थानीय तहको संस्थागत, सङ्गठनात्मक र व्यक्तिगत क्षमता विकासमा केन्द्रित छ।

कार्यक्रम कार्यान्वयन भएपछि प्रदेश तथा स्थानीय सरकार क्रियाशील, दिगो, समावेशी र जवाफदेही भई सञ्चालन हुने लक्ष्य निर्धारण गरिएको छ। उक्त कार्यक्रमबाट दुवै तहको शासन प्रणाली र प्रक्रिया एवं अन्तरसरकारी सम्बन्ध सुदृढ भई नागरिकका लागि लाभ प्राप्त गर्ने अपेक्षा गरिएको छ। चालु अवधिमा सङ्घीय निकायबाट प्रदेश तथा स्थानीय तहका लागि धेरै नमूना कानुन र निर्देशिका निर्माण गरिएका छन भने स्थानीय र प्रदेशमा राजस्व सुधार र क्षमता विकास तथा अवधिक योजना तयारजस्ता कार्यक्रम उद्देश्य प्राप्ति गर्ने ढङ्गबाट अघि बढेको जानकारी दिइयो।

ऐन, कानुन, निर्देशिका तर्जुमा तथा योजना तयार, सुशासन प्रवर्द्धन, वित्तिय प्रणाली सुधार, सूचना प्रविधि सवलीकरण, क्षमता अभिवृद्धि कार्यक्रम, नवप्रवर्तन साझेदारी कोषलगायतका विषयसँग सम्बन्धित ७१ हजार जनशक्तिलाई क्षमता अभिवृद्धि तालिम प्रशिक्षण प्रदान गरिएको उपसचिव सापकोटाले जानकारी दिए।

# भैरहवा भन्सारमा प्रज्ञापनपत्र भर्ने बढे




**नरेश केसी**
**बेलहिया (रुपन्देही)।**
भैरहवा भन्सार कार्यलयले गत जेठ १६ गतेदेखि एक सय रुपैयाँ भन्दा बढी मूल्यको समान ल्याउँदा अनिवार्य भन्सार महसुल लिने व्यवस्थामा कडाइ गरेपछि प्रज्ञापनपत्र भर्नेको सङ्ख्या बढेको छ। प्रज्ञापनपत्रमा कडाइ नहुँदा घरयासी प्रयोजनका लागि भन्दै भारतबाट समान ल्याउनेको सङ्ख्या उल्लेख्य रहेकामा अनिवार्य भन्सार महसुल लिने व्यवस्थामा कडाइ गरेपछि प्रज्ञापनपत्र भर्नेको सङ्ख्या बढेको हो।

भन्सार कार्यालयका प्रमुख मणिराम पौडेलले भने ‘हामीले प्रज्ञापनपत्र नभरी कुनै पनि घरायासी होस् वा अन्य कुनै प्रयोजनको समान नेपाल ल्याउन दिएका छैनौँ। यसैले सर्वसाधरणले स्वतः स्फूर्त रुपमा प्रज्ञापनपत्र भरिरहनुभएको छ।’ भन्सारको अभिलेख अनुसार जेठ १६ देखि जेठ मसान्तसम्मको अवधिमा ३० हजार तीन सय ६६ जनाले प्रज्ञापनपत्र भरेर समान लिएका छन् । गत वर्षको जेठ महिनाभरी तीन सय छ जनाले मात्रै प्रज्ञापनपत्र भरेर समान लिएको तथ्याङ्क छ।

भन्सारको अभिलेखका अनुसार विसं २०७९ फागुनमा एक हजार दुई सय १५ जनाले, चैतमा एक हजार तीन सय ४४ जनाले प्रज्ञापनपत्र भरेका छन्। विसं २०८० वैशाखमा एक हजार एक सय ८३ र जेठमा तीन सय ५७ जनाले मात्रै प्रज्ञापनपत्र भरेका थिए । भन्सार व्यवस्थालाई कडाइ गरेपछि जेठ १६ देखि ३२ सम्मको १६ दिनको अवधिमा ३० हजार तीन सय ६६ जनाले प्रज्ञापन भरेका कार्यालयका प्रमुख पौडेलले जानकारी दिए।

**भन्सार कडाइप्रति उद्योगी व्यवसायीको समर्थन**

भन्सार कार्यालयले प्रज्ञापनपत्र नभरी कुनैपनि समान नेपाल ल्याउन नदिने गरी कडाइ गरेपछि उद्योगी व्यवसायीका नेताले समर्थन जनाएका छन्। सिद्धार्थ उद्योग वाणिज्य सङ्घको सभाहलमा आयोजित एक कार्यक्रममा उद्योग वाणिज्य महासङ्घका केन्द्रिय सदस्य तथा लुम्बिनी प्रदेशका अध्यक्ष कृष्णप्रसाद शर्माले भन्सारमा कडाइ गरेपछि प्रारम्भिक रुपमा सीमावारीको व्यापारमा सकारात्मक प्रभाव परेको बताए।

‘भन्सारमा कडाइ गरेसँगै यसको सकारात्मक प्रभाव परेको छ भने साना व्यवसायीलाई धेरै राहत भएको छ। दीर्घकालीन असर केही समयमा देखिन्छ’, उनले भने। उनले चोरी तस्करीको सामान किन्ने व्यवसायीलाई प्रहरीले सहजै पक्राउ गर्न सक्ने बताए। ‘कसैले पनि तस्करीको समान न किनौँ, कुनै व्यवसायीले बिल विजक बिनाको समान किनेमा प्रहरी प्रशासनले कारबाही गर्छ’, शर्माले भने। कार्यक्रममा उद्योग वाणिज्य महासङ्घका केन्द्रिय सदस्य राजेश अग्रवालले भन्सारमा गरिएको कडाई सकारात्मक रहेको भन्दै चोरी तस्करी नियन्त्रणमा सबैको सहयोग जरुरी रहेको बताए। सिद्धार्थ उद्योग वाणिज्य सङ्घका पूर्व अध्यक्ष कूलप्रसाद न्यौपानेले तस्करीको समान भैरहवा बुटवल मात्रै नभएर पाल्पा, गुल्मी, चितवन, काठमाडौँसम्म पुग्ने गरेकामा अब त्यो काम रोकिने बताए।

उद्योग वाणिज्य महासङ्घका पूर्व केन्द्रिय सदस्य महेन्द्रकुमार श्रेष्ठले भैरहवा भन्सारले गरेको कडाइले चोरी तस्करी मात्रै नभएर लागुऔषध र अन्य सामाजिक विकृतिमा पनि न्यूनीकरण गरिरहेको बताए। वरिष्ठ पत्रकार माधव ढुङ्गानाले नेपालको भन्सार ऐन अनुसार संक्षिप्त प्रज्ञापनपत्र कार्यन्वयनमा गरिएको कडाइप्रति भारतीय पक्षले टाउको दुखाउनुको अर्थ नहुने बताए। लुम्बिनी प्रेस क्लबका निवर्तमान अध्यक्ष नरेश केसीले भन्सारमा कडाइ गर्ने कार्य राम्रो भएको बताउँदै मूल भन्सार भन्दा दायाँबायाँको नाकाबाट भइरहेको चोरी तस्करी नियन्त्रणमा सबैको सहकार्य जरुरी रहेको बताए। ‘सीमापारीबाट अवैध रुपमा साइकल, मोटरसाइकल, चिनी, दाल, किराना सामान, कपडालगायत अन्य सामग्री खरिद गर्ने काम व्यवसायीले बन्द गर्नुपर्छ’, उनले भने। लुम्बिनी प्रेस क्लबको अध्यक्ष सम्झना शर्माले सिद्धार्थ उद्योग वाणिज्य सङ्घले सस्तो बजार लगाएर आर्थिक अवस्था कमजोर भएका नागरिकलाई राहत दिनुपर्नेमा जोड दिए। कार्यक्रममा उद्योग वाणिज्य सङ्घका अध्यक्ष ठाकुरकुमार श्रेष्ठले उद्योगी व्यवसायीले बिलबिजक बिनाको समान खरिद नगर्न आग्रह गरे। ‘कसैले पनि बिलबिजक बिनाको समान किन्नु अवैध हो’, उनले भने ‘अवैध कार्यमा संलग्न जुनसुकै व्यपारीलाई प्रहरी प्रशासनले कारबाही गरेमा हामीले उनीहरुको बचाउमा एक शब्द पनि खर्चिन्नौँ।’ अध्यक्ष श्रेष्ठले भन्सार प्रशासनले संक्षिप्त प्रज्ञापनपत्रको कडाइ गरेकोप्रति स्वागत गर्दै यस कार्यले नेपाली व्यवसायीलाई राहत मिलेको बताए । ‘यताका किराना पसल, कपडा पसल, हार्डवेयर पसललाई केही राहत मिलेको छ, भन्सार राजस्व बढेको छ। राज्य र नागरिकलाई फाइदा भएको छ। हामी भन्सार र प्रहरी प्रशासनको उक्त कार्यको प्रशंसा गर्दछौँ’, उनले भने। अध्यक्ष श्रेष्ठले सीमावर्ति भारतीय व्यपारीले केही दिन अगाडि पत्रकार सम्मेलन गर्दै उद्योग वाणिज्य सङ्घले रोकेको भन्ने गलत प्रचार गरेकोप्रति ध्यानकर्षण भएको बताए । उनले भने ‘हामीले बोडरमा गएर रोकेका छैनौँ, यति अनुरोध छ कि सीमापारीबाट अवैध समान आउनु हुदैन। सामान ल्याउँदा भन्सार तिरेर मात्रै ल्याउनु पर्छ।’ भैरहवामा जेठ १६ गतेदेखि सीमावर्ति भारतीय बजारबाट एक सय रुपैयाँ मूल्यभन्दा बढीको समान ल्याउँदा अनिवार्य संक्षिप्त प्रज्ञापनपत्र भरेर ल्याउने व्यवस्थामा कडाइ गरेपछि यसको असर सीमापारीको सुनौली नौतनवा बजारमा परेको छ। भारतीय व्यपारीहरुले नेपालमा भन्सार नगरी समान लैजान दिनुपर्ने भन्दै दुई दिन पहिले महापञ्चायत गरेका थिए। भन्सार नतिरी तस्करहरुले सीमापारीबाट अवैध रुपमा सामान ल्याइए बिक्री गरेको पाइएमा अवैध समान खरिद, बिक्री गर्ने व्यापारीलाई कारबाही गर्ने उद्योग वाणिज्य सङ्घले जनाएको छ।

# तरकारी र फलफूलमा ‘भ्याट’ नलगाउन माग



**रासस**
**काठमाडौँ।**
उपभोक्ताहित सरोकारसँग सम्बन्धित संस्थाले नयाँ बजेटमा आयातित तरकारी, फलफूल र खाद्य वस्तुमा उपभोक्तालाई १३ प्रशित भ्याट लगाउने नीति खारेज गर्न माग गरेका छन्। संस्थाले उपभोक्तालाई आर्थिक भारपर्ने नीतिको विरोध गर्दै हाल आलुप्याजलगायतका सामानको आयातामा भन्सार बिन्दुमै नौ प्रतिशत कृषि सेवा शुल्क, अग्रिम आयकर एक दशमलव पाँच र १३ प्रतिशत भ्याट थप हुँदा यस्ता वस्तुमा २३ दशमलव पाँच प्रतिशत कर लाग्ने भएको जनाएको छ। सरकारको नीति तथा कार्यक्रम, बढ्दो महँगी, अनियन्त्रित बजार र उपभोक्ता अधिकारका विषयमा पत्रकार भेटघाट गरी संस्थाले बजार अनुगमनका लागि तिनै तहका सरकारबीचका संयन्त्रलाई प्रभावकारी बनाउन माग गरेका छन्। उपभोक्ता हित संरक्षण मञ्च नेपालका अध्यक्ष ज्योति बानियाँ, राष्ट्रिय उपभोक्ता मञ्चका उपाध्यक्ष पुष्पराम पौडेल र उपभोक्ता अधिकार अनुसन्धान मञ्चका अध्यक्ष माधव तिमल्सिनाद्वारा प्रेस विज्ञप्तिमा कृत्रिम अभाव, मूल्यवृद्धि, एकाधिकार र ‘कार्टेलिङ’ गरी गुणस्तरहिन वस्तु र सेवाको बिक्री, भ्रमपूर्ण विज्ञापन, मूल्य र नापतौल ठगी तथा स्वच्छ प्रतिस्पर्धा विरुद्धका कार्यलाई कडाइका साथ नियन्त्रण गर्न माग गरिएको छ।विज्ञप्तिमा उपभोक्ताको गुनासो चौबिसै घन्टा सुनुवाइ हुनेगरी बजार अनुगमनको कार्यलाई दैनिक निरन्तर र प्रभावकारी बनाउन पनि आग्रह गरिएको छ।

**गरुडा नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**गरुडा,रौतहट,**
**मधेश प्रदेश, नेपाल**

**विषय : नगर सभा सातौं बजेट अधिवेशनको बैठक पूर्व सूचना अनुसार आषाढ १० गते नै हुने सम्बन्धमा**

**मिति : २०८०।०३।०७**

प्रस्तुत विषयको सम्बन्धमा गरुडा नगरपालिका नगर सभाध्यक्षले मिति २०५०।०३।१० गते, विहान ११:०० बजे गरुडा नगरपालिका वडा नं. ४ स्थित कलवार धर्मशालाको हलमा बैठक प्रारम्भ हुने गरी नगर सभा आठौं अधिवेशन (सातौ वजेट अधिवेशन) आह्वान गर्नुभएकोले गाउँ सभा/नगर सभा/जिल्ला सभा कार्य सञ्चालन (कार्यविधि) ऐन, २०७७ को दफा ३ को उपदफा (६) वमोजिम नगर सभाको बैठक बस्नु सात दिन अगावै नगर सभाको सचिवले मिति २०५०।०३।०१ गते नगर सभा सदस्यहरुलाई नगर सभाको बैठकमा उपस्थित हुन अनुरोध छ भन्ने व्यहोराको सूचना पठाइएको र उक्त सूचना नगर पालिकाको वेवसाइड र विभिन्न सामाजिक संजाल तथा सञ्चारमाध्यबाट प्रचार प्रसार भइरहेको, कानुन वमोजिम अनिवार्य आमन्त्रण गर्नुपर्ने महानुभावहरुलाई सभाको सूचाना पठाइसकिएको अवस्था र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ को उपदफा (१) बमोजिम आगामि आर्थिक वर्षकोलागि नगरपालिकाको बजेट आषाढ १० गते भित्रमा नगर सभामा पेश गर्नु पर्ने अनिवार्य व्यवस्था भएकोमा सभाको बैठकको सूचना भइ सकेकोमा केही व्यक्तिहरुले नगरसभा बैठक स्थगित भयो भन्ने भ्रामक सन्देश प्रवाह भइरहेको कुरा झुट्टा हो यसमा कुनै सत्यता नभएको कुरा स्पष्ट गर्दछु। यस नगरपालिका नगर सभाका सबै सदस्यहरुमा सूचानामा उल्लेखित मिति, समय र स्थानमा गरुडा नगरपालिकाको नगर सभा सातौ बजेट अधिवेशनको बैठक बस्ने व्यहोरा अनुरोध गर्दछु। साथै मिति २०८० ।०३।०७ मा यस गरुडा नगरपालिका नगर सभाको उपाध्यक्ष श्री पुनम कुमारी चौधरी समेतले यहि आषाढ १० गते आह्वान गरिएको नगर सभाको सातौ बजेट अधिवेशन स्थगित गर्न सचिव मार्फत निवेदन दिनुभएकोमा सो निवेदन गाउँ सभा/नगर सभा/जिल्ला सभा कार्य सञ्चालन (कार्यविधि) ऐन, २०७७ को परिच्छेद ८ विपरित भएकोले खारेज गरिएको व्यहोरा समेत सम्बन्धित सवैमा अनुरोध छ। पुनः यस गरुडा नगर पालिका नगर सभाका उपाध्यक्ष, नगर सभा सदस्यहरु सबैलाई नगर सभा बैठकमा उपस्थित हुन र कानुन बमोजिम नगर सभा बैठक सञ्चालन प्रक्रियामा सहभागी हुन समेत अनुरोध छ।

**सभाध्यक्ष**
**कन्थमनी प्रसाद कलवार**
**गरुडा नगरपालिका**

# जनप्रतिनिधीहरुमा ज्ञान तथा योजना छैन : वक्ता



**मधेशदृष्टि**
**जनकपुरधाम ।**
जनताको मुख्य दुई अधिकार स्वास्थ्य र शिक्षाको विकासका लागि जनप्रतिनिधीहरु संग ज्ञान र योजना क्षमताको अभाव रहेको एक कार्यक्रममा वक्ताहरुले बताएका छन् । नेपाल बौद्धिक प्रतिष्ठानले विहिवार जनकपुरधाममा आयोजना गरेको संघियतामा स्वास्थ्य र शिक्षा क्षेत्रमा सेवा प्रवाहको अवस्था बारे विचार गोष्ठीमा बोल्दै सो क्षेत्रका अनुभवी र जानकार व्यक्तित्वहरुले यस्तो बताएका हुन ।

प्रा. सुर्यनाथ मिश्रले त्यो ज्ञान र आइडिया भएका केहि मात्र पालिका प्रमुख नेतृत्वको पालिकाहरुमा भने पृथक र प्रगतिशिल तरिकाले राम्रा काम भइरहेको बताए । प्रा.वि.का शिक्षक यदि पालिका प्रमुखको नजिकका छन भने उनी नै मावि तहका शिक्षकहरुको हाकिम भएर बसिरहेका छन, उनिहरुले भने, 'यो असमान्ता र अपनामका बिच कसरी शिक्षा स्तर उकास्न सकिन्छ ।'

अहिले आधारभुत स्वास्थ्य सेवा समेत उपलब्ध छैन, शेभ द चिल्ड्रेनका डा. लिला बहादुर बस्नेतले भने, 'जनताले आधारभुत स्वास्थ्य सेवा समेत नपाउँदा त्यसको समाजिक अडिट हुन पर्छ कि पर्दैन ?' प्रादेशिक अस्पताल जनकपुरधामका उपनिर्देशक डा. के.डी. दासले जनकपुरधामको अधिकांश चिकित्सक निजिमुखी हुँदा राम्रो काम गर्नेहरु समेत बदनाम भइरहेको बताए । तत अस्पतालबाट दर्जनौ लावारिस विरामीहरुको सफल उपचार भएको दावी गर्दै उनले आफुहरु संग लिखित प्रमाण रहेको समेत बताए । उनले अझै एक दुई विरामीको उपचार भइरहेको बताए ।

एउटा लावारिस छोरा शिशु कतै झाडीमा भेटियो भने त्यसको अपनत्व ग्रहण गर्न स्थानिय सरकार सहितको भिड लाग्छ तर एक लावारिस विरामीको उपचारमा कसैको कुनै चासो हुदैन कसरी उपचार गर्ने ? रगत उपाय गरिदिने मान्छे पनि हुदैन के गर्ने ? उनको प्रश्न थियो । उपकरण किन्न अहिले तुरन्तै करौडौंको टेन्डर आहवान हुन्छ तर जनशक्ति अभावको कसैलाई प्रवाह छैन उनले थपे ।

निजि विद्यालयका अगुवा ब्रज किशोर यादवले निजि विद्यालयको शिक्षकलाई पनि तालिम दिनुपर्ने, परिक्षा मुल्याङ्कन दुरुस्त हुनुपर्ने, ग्रेडिङ्ग सिस्टम आएपछि फेल नहुने भएपछि विद्यार्थी पढन छोडेको भन्दै सबैको सुधार आवश्यक रहेको बताए । कार्यक्रममा प्रतिष्ठानका अध्यक्ष विष्णु कुँवर, दुवै क्षेत्रका अनुभवी अगुवाहरु ब्रहमदेव झा, अवधेश तिवारी, राजकुमार झा, कारि यादव सहितको उपस्थिती थियो ।

# नागरिकता विधेयक विरोधी नरहेको रास्वपाको प्रष्टीकरण



**मधेशदृष्टि**
**जनकपुरधाम ।**
राष्ट्रिय स्वतन्त्र पार्टी पार्टी ( रास्वपा)का मधेश प्रदेश समितिले संघीयता र नागरिकता विधेयकको विषयमा प्रष्टीकरण दिएको छ । विहीबार जनकपुरधाममा वार्षिकोत्सवको अवसरमा आयोजित चियापान कार्यक्रममा सो प्रष्टीकरण दिइएको हो । मधेश प्रदेश समितिका सभापति इन्जिनियर तपेश्वर यादवले रास्वपा संघीयता र नागरिकता विधेयकको विरोध नगरेको बताएका छन् । उनले प्रदेशमा सांसदको संख्या घटाउनु पर्ने र प्रत्यक्ष निर्वाचित मुख्यमन्त्री हुनुपर्ने रास्वपाको माग गरेको जिकिर गरे ।
उनले भने,'हामीले संघीयताको विरोध गरेका छनौं, संघीयताको नाममा भइरहेको फजुल खर्च रोक्नुपर्ने भनेका छौं' । उनले सांसदको संख्या घटाउनु पर्ने भनाई रहेको बताउदै प्रत्यक्ष निर्वाचित मुख्यमन्त्री हुनु पर्ने हाम्रो एजेण्डा रहेको बताए । उनले नागरिकता विधेयकको पनि विरोध नगरेको दोहऱ्याए । देशमा विधिको साशन हुनुपर्ने उनको भनई छ । संसद हुँदा हुँदै संसदमा प्रवेश नै नगरीकन अघिल्लो सरकारले पास गरेको नागरिकता विधेयक प्रमाणिकरण गराउनु गल्त रहेको उनले बताए । जन्मसिद्ध नागरिकले नागरिकता पाउनु पर्ने रास्वपाको पनि माग रहेको उनको दावी छ । रास्वपा मधेश प्रदेशका महामन्त्री मनिष कुमार साहले पार्टीलाई कमजोर बनाउन मधेशमा विभिन्न भ्रम फैलाइएको बताए । पार्टीको उत्साह देखेर मधेशकै पार्टीहरुले सो भ्रम फैलाइएको उनको कथन छ । पार्टीले अगामी निर्वाचनमा तीनै तहमा उम्मेदवारी दिने उनले बताए । रास्वपामा लागेका ९० प्रतिशत सदस्य दक्ष एवं साक्षर रहेको धनुषा संयोज जयप्रकाश महतोले बताए ।

# युवाहरुको सवालमा गम्भीर रुपमा सोच्न सञ्जालको आग्रह



**मधेशदृष्टि**
**जनकपुरधाम ।**
ट्राफिक सचेतना, लागूऔषध, एचआईभी एड्स जस्ता समस्याहरुलाई न्यूनीकरण गर्न ध्यानाकर्षण गराउँदै जिल्ला युवा सञ्जाल धनुषाले जिल्ला समन्वय समिति धनुषाका सभापति राजनन्दन मण्डललाई ज्ञापनपत्र बुझाएको छ ।युवाहरुको सवालमा स्थानीय तहहरुलाई गम्भीर रुपमा सोच्न आग्रह गर्दै ज्ञापनपत्र बुझाइएको हो ।

ज्ञापनपत्र बुझाउँदै जिल्ला युवा सञ्जाल धनुषाका अध्यक्ष कुलदिप साहले भने, 'अहिले दिनहुँ सवारी दुर्घटनाहरु भइरहेका छन्, जसमा सबैभन्दा बढी क्षती बोक्ने युवा नै हो ।

यसलाई कसरी न्युनीकरण गर्ने तीर खासै चासो सम्बन्धित निकायहरुले दिएका छैनन् । यसै समस्याहरुलाइ लिएर हामीले ज्ञापनपत्र बुझाएका छौं ।'ज्ञापनपत्रमा ट्राफिक सचेतना, लागूऔषध, एचआईभी एड्स जस्ता समस्याहरुलाई न्यूनीकरण गर्न धनुषाका १८ वटै पालिकाहरुमा कार्यक्रम छुट्याउनका लागि समन्वय गरिदिन आग्रह गरिएको छ ।

'अहिले सबै पालिकाहरु आगामी आर्थिक वर्षका लागि बार्षिक बजेट बिनियोजन कार्यक्रममा ध्यान केन्द्रित गरेको छ । सबैले आ-आफ्नो तरिकाले कार्यक्रमहरु छनोट गर्दैछन्, 'कुलदिपले भने,' तर, युवाहरुको सवालमा थौरै पालिकाहरुले मात्र गम्भीर रुपमा सोच्ने गरेका छन् ।'सबै पालिकाहरुले सचेतना लगायत यस्ता कार्यक्रमहरु छुट्याए आउने दिनमा युवाहरु सचेत भई दुर्घटना कम हुने विश्वास लिइएको छ ।

# चोरीको ट्याक्टर सहित एक पक्राउ



**मधेशदृष्टि**
**जनकपुरधाम ।**
चोरी भएको ट्याक्टर सहित एक जनालाई धनुषा प्रहरीले पक्राउ गरेको छ । पक्राउ पर्नेमा धनुषाधाम नगरपालिका वडा नं ५ बस्ने धर्मेन्द्र कुमार साह रहेको प्रहरीले जनाएको छ । धनौजी गाँउपालिका ३ का फिरोज साहुले आफनो घर अगाडी पार्किग गरि राखेको ज १ त ८६९१ नम्वरको टयाक्टर मंगलबार चोरी भएको थियो । चोरी भएको टयाक्टर खोजतलाश गर्ने क्रममा क्षिरेश्वरनाथ नगरपालिका ८ दिगम्वरपुरमा टयाक्टर र टयाक्टर चालक साह लुकिछिपी रहेको अवस्थामा धनुषा प्रहरीले पक्राउ गर्न सफल भएको जनाइएको छ । पक्राउ परेका साहलाई जिल्ला प्रहरी कार्यालय धनुषामा ल्याई थप अनुसन्धान अगाडी बढाएको प्रहरीले जनाएको छ ।

# तत्काल नागरिकता जारी गर्ने कार्य गर्नुपर्ने तमलोपाको भनाई

**मधेशदृष्टि**
**जनकपुरधाम ।**
तराई-मधेश लोकतान्त्रिक पार्टीले जिल्ला प्रशासन कार्यालयहरुले कानूनको सम्मान गर्दै प्रमाणीकरण भई कानून बनिसकेको संशोधित नागरिकता ऐनअनुसार नागरिकता प्रमाण-पत्र जारी गर्ने कार्य प्रारम्भ गर्नुपर्ने बताएको छ । नागरिकता मुद्दामा सर्वोच्च अदालतले अल्पकालीन अन्तरिम आदेश निरन्तर नहुने आदेश दिएलगत्तै तमलोपाले यस्तो धारणा सार्वजनिक गरेको हो । नागरिकता विधेयक प्रमाणीकरणको विरोध गर्दै दिइएको रिटमा सर्वोच्च अदालतले बिहीबार अन्तरिम आदेश निरन्तर नरहने आदेश गरेको छ ।तमलोपाले भनेको छ, 'आशा गरौं, विगतझैं आफ्ना आदेश र निर्णयबाट विभेदवादीहरुको पृष्ठपोषण अब अगाडि न्यायपालिकाले गर्ने छैन । जिम्मेदारी र कर्तव्यको पालनाको भूमिकामा यसले मौलिक अन्तर अनुभूत गराउनेछ ।'

# उपचार नपाएको अनशनरत शर्माको गुनासो



**मधेशदृष्टि**
**जनकपुरधाम ।**
नागरिकताको समस्या समाधानका लागि ७ दिनदेखि आमरण अनसनमा रहेका नेकपा माओवादी केन्द्रका केन्द्रीय सदस्य रामकुमार शर्माले अस्पतालमा उपचार पाइरहेका छैनन् ।
असार १ गतेदेखि माइतीघर मण्डलमा आमरण अनसन सुरु गरेका शर्माको स्वास्थ्य अवस्था बिग्रिँदै गएपछि असार ४ गते सरकारले वीर अस्पतालमा भर्ना गरेको थियो । तर, अस्पतालले उपचारमा बेवास्ता गरेको कारण स्वास्थ्य अवस्था झन् बिग्रँदै गइरहेको छ । अस्पतालमा पनि अनसनमै रहेका शर्माले भने, 'अस्पतालमा भर्ना भएकै दिनदेखि इमर्जेन्सी वार्डको एउटै बेडमा छु, त्यहाँबाट कतै सारिएको छैन, सरकारले अहिलेसम्म मेरो उपचारको लागि आधिकारिक रुपमा मेडिकल टिम बनाएको छैन ।' सुरुमा डाक्टरले ध्यान दिएपनि दुई दिनदेखि उपचारविहीन भएको बताउँदै उनले स्वास्थ्य अवस्था निरन्तर कमजोर हुँदै गएको बताए ।वीर अस्पतालका व्यवस्थापनसँग कुरा गर्दा सरकारबाट उपचारको विषयमा कुनै खबर नआएका कारण व्यवस्थापन गर्न नसकिने जानकारी गराएको नेता शर्माले बताए । आफू संविधानसभाको एक जना सदस्य, नेपालको राजनीतिमा लामो योगदान हुँदाहुँदै पनि अस्पताल प्रशासनले यस्तो बेवास्ता गरेको भन्दै उनले सर्वसाधारणको के हालत होला भनी प्रश्न गरेका छन् ।
उनले बिहीबार बेलुका ६ बजेसम्म अस्पतालले मेडिकल टिम नबनाए आफू पुनः माइतीघरमा गएर आमरण अनसन सुरु गर्ने चेतावनी दिए ।नागरिकता सम्बन्धि आदेश सर्वोच्च अदालतबाट नआउँदा लाखौ नेपाली युवा बिचल्लीमा परेकाले अविलम्ब नागरिकता प्रदान गर्ने फैसला आउनुपर्ने शर्माले माग गरेका छन् ।

# मधेशमा दसहजारको संख्यामा कुपोषित बालबालिका



**मधेशदृष्टि**
**जनकपुरधाम ।**
मधेश प्रदेशमा दसहजारको संख्यामा कुपोषित बालबालिका रहेको तथ्यांक कार्यक्रममा प्रस्तुत गरिएको छ ।
प्रदेशको स्वास्थ्य निर्देशनालयले जनकपुरधाममा आयोजना प्रदेश स्तरीय दुई दिने पोषण कार्यक्रमको समीक्षा तथा योजना तर्जुमा सम्बन्धि कार्यशालाको समापनमा सहभागी स्वास्थ्य क्षेत्रका अगुवाहरूले बालबालिकालाई कुपोषित हुनबाट रोक्न सबै प्रकारका उपाय अबलम्बन गर्ने प्रतिबद्धता गरेका हुन् । प्रदेशमा करिब १० हजारको संख्यामा कुपोषित बालबालिका रहेको मधेश प्रदेशका स्वास्थ्य तथा जनसंख्या मन्त्रालयका सचिव एवं वरिष्ठ बाल रोग विशेषज्ञ डा. प्रमोद कुमार यादवले जानकारी दिए । मधेश प्रदेशमा खाना खाने आनीबानी परिवर्तन भएको र करेसाबारी लोप हुँदै गएकोले गर्भधारणका बेला महिलाहरूलाई पोषणयुक्त खानाको अभाव हुने गरेको उनले बताए । यसपटक प्रदेश सरकारले स्वास्थ्य क्षेत्रमा सुधारका लागि छुट्टै मन्त्रालय गठन गरी कुल बजेटको १२ प्रतिशत बजेट मन्त्रालयका लागि विनियोजन गरेकाले स्वास्थ्यमा सुधार हुने आशा यादवको छ ।
प्रादेशिक अस्पतालका निर्देशक एवं वरिष्ठ स्त्रीरोग विशेषज्ञ डा. रामनरेश पण्डितले मधेश प्रदेशमा ५० प्रतिशत महिलाले शिशुलाई स्तनपान नगराउने गरेका कारण पनि बालबालिका कुपोषणको शिकार बन्ने गरेको उल्लेख गर्दै उनीहरुलाई स्तनपानका लागि प्रोत्साहित गर्नुपर्नेमा जोड दिए ।प्रादेशिक जनस्वास्थ्य प्रयोगशालाका प्रमुख डा. श्रवण कुमार मिश्रले मधेशमा पोषिलो खानेबारे खानका लागि आमा र बालबालिकालाई चेतना दिनुपर्ने बताए । मधेश प्रदेशका स्वास्थ्य निर्देशक डा. राजीव कुमार झाले जङ्क फुडको प्रयोग पूर्ण रुपमा निषेध तथा सम्बन्धित पालिकाहरूसँग समन्वय गरी प्रदेशलाई पोषणयुक्त प्रदेश बनाउने बताए ।

# लाखौँ रुपैयाँ लिएर फरार सँचालक यादव पक्राउ



**मधेशदृष्टि**
**जनकपुरधाम ।**
बचतकर्ताको रुपैयाँ लिएर फरार रहेका एक सहकारी सँस्थाका सँचालक पक्राउ परेका छन् । धनुषाको सबैला नगरपालिका वडा नम्बर नं. ७ मा रहेको श्रमजीवि वचत तथा ऋण सहकारी संस्था लिमिटेडका अध्यक्ष पक्राउ परेका हुन् ।
श्रमजीवि वचत तथा ऋण सहकारी संस्थाका अध्यक्ष राम बाबु यादबलाई प्रहरीले विहिबार दिउँसो पक्राउ गरेको हो । अन्दाजी वर्ष ४२ नवटोली बस्ने सबैला नगरपालिका ७ का यादवलाई जनकपुरधाम वडा नं. ९ बाट प्रहरीले पक्राउ गरेका छन् । श्रमजीवि वचतका अध्यक्ष यादबले धनुषाको सबैला खरीहानी, ठिल्ला लगायतका गाउका बस्ने ७५० जनाले दैनिक खातामा जम्मा गर्ने खाताबाट बिगत १ वर्ष देखि ५०-६० लाख सम्म रकम लिई फरार भएको थियो । यादबलाई पक्राउ गर्नका लागि सबैला, खरीहानी, ठिल्ला गाउबाट ३०० देखि ४०० जना महिला, पुरुषहरु मिलाएर आउँदै गर्दा जनकपुरधाम वडा नं. ९ नजिकबाट एक जनाको घरमा बसेको देखेका बेलामा सो गाउँका महिलाहरुले समातेर प्रहरीको जिम्मा लगाएका थिए ।

# इनारभित्र युवकको शव

**मधेशदृष्टि**
**जनकपुरधाम ।**
धनुषाको ढल्केवरमा इनारभित्र एक युवकको शव भेटिएको छ । बिहीबार बिहान ढल्केवरस्थित एभरेष्ट आयल स्टोर नजिकको इनारभित्र युवकको शव भेटिएको हो ।इलाका प्रहरी कार्यालय ढल्केवरका प्रहरी निरीक्षक कवीन राईले इनारभित्र पहिचान खुल्न नसकेको अन्दाजी ३५ वर्षीय एक युवकको शव भेटिएको जानकारी दिए ।
सशस्त्र प्रहरीको सहयोगमा शवलाई इनारबाट बाहिर ल्याएर पोष्टमार्टमका लागि प्रादेशिक अस्पताल जनकपुरधाम पठाइएको छ । स्थानीयले इनारभित्र शव रहेको देखेपछि प्रहरीलाई खबर गरेका थिए ।शवको प्रकृतिबारे तत्काल यकिनसाथ भन्न नमिल्ने बताउँदै प्रहरी निरीक्षक राईले घटनासम्बन्धमा अनुसन्धान भइरहेको जानकारी दिए । त्यसैगरि विषालु सर्पले डस्दा धनुषामा एक बालिकाको मृत्यु भएको छ । मृत्यु हुनेमा धनुषाको बटेश्वर गाउँपालिका-१ चित्रपुरका श्रीलाल महतोकी ५ वर्षीया छोरी सन्ध्या कुमारी महतो छन् ।
घरमै सुतिरहेकी सन्ध्यालाई बिहीबार बिहान पौने ३ बजे ओछ्यानमै सर्पले टोकेको थियो । बालिकालाई उपचारका लागि सिरहाको बन्दीपुर सर्पदंश उपचारका केन्द्र, फुलकुमारी मेमेरियल हस्पिटल लगायतमा लगिएपनि उनको ज्यान जोगिन नसकेको परिवारजनले जनाएको छ ।

# अमेरिकालाई अपराधीको आश्रयस्थल नबन्न अनुरोध




**सिन्ह्वा**
**बेइजिङ ।**
चीनले अमेरिकालाई आफ्नो अन्तरराष्ट्रिय जिम्मेवारी पूरा गर्न र अपराधीको सुरक्षित आश्रयस्थलमा परिणत हुनबाट रोक्न आग्रह गरेको छ । परराष्ट्र मन्त्रालयका प्रवक्ता माओ निङले बुधबार आयोजित नियमित पत्रकार सम्मेलनमा दुई चिनियाँ नागरिकलाई अमेरिकामा मङ्गलबार सजाय  दिइएको र जबरजस्ती चीन फिर्ता पठाएको बारेका जिज्ञासा राख्दा  उक्त टिप्पणी गरेका छन् ।
'सीमापार अपराध विरुद्ध लड्न, भ्रष्ट भगौडालाई स्वदेश फिर्ता गर्ने र गैरकानुनी आम्दानीलाई नियन्त्रणलगायतका विषय अन्तरराष्ट्रिय समुदायले व्यापकरूपमा मान्यता दिएको विषय हो र यो न्यायोचित पनि हो,' माओले भने । विश्वका कुनै पनि देशसँग चीनको कानुन प्रवर्तन सहयोग अन्य देशको कानुन र न्यायिक सार्वभौमसत्ताको पूर्णसम्मान गर्दै, अपराधी संदिग्ध व्यक्तिको कानुनी अधिकार र हितको रक्षा गर्ने प्रतिबद्धताका साथ अन्तरराष्ट्रिय कानूनको कडाइका साथ सञ्चालन गरिने पनि माओले प्रतिबद्धता व्याक्त गरे ।
'सम्बन्धितकार्य पूर्णतया न्यायोचित छ । अर्कोतर्फ अमेरिकाले तथ्यहरूलाई बेवास्ता गर्ने गरेको छ, जानाजानी चीनको प्रयासलाई भयावह चीजको रूपमा विकृत गरेको छ र न्यायिक कारबाही पनि फरक ढङ्गले गरेको छ । चीन यसको कडा विरोध गर्दछ,' माओले भनेका छन् ।
उनले अमेरिकालाई आफ्नो गल्ती तुरुन्त सच्याउन, अन्तरराष्ट्रिय सङ्गठित अपराध विरुद्धको संयुक्त राष्ट्रसङ्घ महासन्धि, भ्रष्टाचार विरुद्धको संयुक्त राष्ट्रसङ्घ महासन्धि र अन्य अन्तरराष्ट्रिय सन्धि अन्तर्गत आफ्नो दायित्व पूरा गर्न आग्रह गरेको छ साथै आफ्नो अन्तरराष्ट्रिय जिम्मेवारी पूरा गर्न पनि उनले अमेरिकाको ध्यानाकर्षण गराएका छन् ।

# टाइटन पनडुब्बीमा भएका मानिस कस्तो जोखिममा





**बिबिसि ।**
पानीमुनि सम्भवतः हजारौँ फिटको गहिराइमा र अक्सिजन सकिँदै गरेको अवस्थामा २२ फिटको साँघुरो पनडुब्बीभित्र चार दिनदेखि बस्न सहज हुँदैन ।
टाइटानिक पानीजहाजको भग्नावशेषतर्फ पर्यटकहरू लिएर गएको टाइटन पनडुब्बी र त्यसमा रहेका पाँच जनाको अवस्था अझै अज्ञात छ । आइतवारदेखि सम्पर्कविहीन उक्त पनडुब्बीमा अब १० घण्टाभन्दा कम समयका लागि पुग्ने अक्सिजन बाँकी रहेको ठानिएका छ । उद्धार गर्ने समय घर्किँदै जाँदा त्यसको खोजी जारी छ ।
सेन्ट जोन्सस्थित मेमोरिअल यूनिभर्सिटीसँग आबद्ध हाइपरब्यारिक चिकित्साका विज्ञ डा. केन लिडेजले बीबीसीलाई बताएअनुसार उक्त पनडुब्बीमा सवार मानिसहरूले सामना गर्ने खतरा त्यहाँ श्वास फेर्न योग्य हावा सकिन लाग्नु मात्र होइन । उक्त वाहनमा विद्युत् आपूर्ति बन्द भएको हुनसक्छ । त्यहाँ अक्सिजन र कार्बन डाइअक्साइडको सन्तुलन कायम गर्न बिजुली आवश्यक हुन्छ ।
अक्सिजनको मात्रा घट्दा पनडुब्बीमा सवार मानिसहरूले फ्याँक्ने श्वासमा कार्बन डाइअक्साइडको मात्रा बढिरहने छ । त्यसको परिणाम घातक हुनसक्छ ।
'कार्बन डाइअक्साइडको मात्रा बढ्दै जाँदा त्यसले लठ्ठ बनाउन सक्छ, त्यो बेहोस बनाउने ग्यासजस्तो हुन्छ र तपाईं निदाउनुहुन्छ ।' मानिसको रगतमा कार्बन डाइअक्साइडको मात्रा निकै धेरै हुनुलाई 'हाइपरक्याप्निया' भनिन्छ । समयमै उपचार नभएमा त्यो प्राणघातक बन्न सक्छ । रोयल न्याभी सबमरीनका पूर्वक्याप्टेन रायन राम्सेले अनलाइनमा उपलब्ध टाइटनभित्रको भिडिओ हेर्दा आफूले कार्बन डाइअक्साइड हटाउने 'स्क्रबर' भन्ने प्रणाली नखिएको बताए ।
उनी भन्छन्, 'मेरो विचारमा त्यो उनीहरूका लागि सबैभन्दा ठूलो समस्या हो ।' उक्त पनडुब्बीमा सवार मानिसहरू 'हाइपोथर्मिआ' अर्थात् शरीर निकै चिसो समस्याको जोखिममा पनि छन् । क्याप्टेन राम्सेका अनुसार उक्त पनडुब्बी समुद्रको पीँधमा पुगेको भए पानीको तापक्रम झन्डै शून्य डिग्री सेल्सिअस हुनेछ । पनडुब्बीमा विद्युत् आपूर्ति पनि गुमिसकेको त्यसमा कुनै ऊर्जा उत्पादन हुन सक्दैन र त्यहाँ ताप उत्पन्न हुन सक्दैन ।
अक्सिजन अभावमा हुने हाइपोथर्मिया र पनडुब्बीभित्र बढ्ने कार्बन डाइअक्साइडका कारण त्यसभित्र रहेका मानिस र खोज तथा उद्धारकर्तासँग सम्पर्कमा हुने क्षमता घट्नु हो । डा. लिडेज भन्छन् 'यदि उनीहरू अचेत रहेछन् भने सहायताका लागि गुहार माग्न सक्दैनन् ।'

**टाइटन पनडुब्बी**
तटरक्षकहरूले उक्त पनडुब्बीभित्र अक्सिजनको मात्रा घटिरहेको हुनसक्ने चेतावनी दिएका छन् । तर त्यस्तो अवस्थामा त्यसमा रहेका मानिसहरूले कम्तीमा केही समयका लागि आफ्नो आपूर्ति पूरै रोकिनबाट जोगाउन सक्ने उनीहरू बताउँछन् । राम्सेले बिस्तारै श्वास फेर्ने काम फलदायी हुने बताए । तर पानीमुनि तनावपूर्व अवस्थाले त्यसो गर्न कठिन हुने उनी ठान्छन् ।
यदि त्यहाँ विद्युत् आपूर्ति कायम भए उनीहरूले कार्बन डाइअक्साइड सोस्ने पदार्थ छर्न सक्ने वा विद्युत् खपत कम गर्न सक्ने उनले बताए । यी सबै चुनौतीका बावजुद अक्सिजनको मात्रा निकै कम हुँदा समेत उनीहरू जीवित रहन सक्ने भएकाले खोज तथा उद्धार कार्य रद्द गर्नेबारे सोच्नु नहुने उनको सुझाव छ । 'यदि त्यहाँ कोही जीवित रहन सक्छ भने ती यिनै मानिसहरू हुन्,' डा. लिजेड भन्छन् । 'यो मात्र त्यहाँ ऊर्जा हुनु र देख्नका लागि प्रकाश हुनुसँग र यी कुरा नियन्त्रण गर्नुसँग निर्भर छ, तर साँच्चिकै उनीहरू अझै जीवितै हुनसक्छन् ।'

# श्रीलंकाको मुद्रास्फीति २२.१ प्रतिशतमा झर्यो



**सिन्ह्वा**
**कोलम्बो ।**
श्रीलङ्काको मुद्रास्फीति मे महिनामा २२.१ प्रतिशतमा झरेको छ । राष्ट्रिय उपभोक्ता मूल्य सूचकाङ्कमा आधारित श्रीलङ्काको मुद्रास्फीति २२.१ प्रतिशतमा झरेको जनगणना तथा तथ्याङ्क विभागले बुधबार सार्वजनिक गरेको छ । एनसीपीआईका अनुसार अप्रिलको मुद्रास्फीति ३३.६ प्रतिशत थियो ।
खाद्य श्रेणीको मुद्रास्फीति अप्रिलमा २७.१ प्रतिशतको तुलनामा मे महिनामा १५.८ प्रतिशतमा झरेको छ । गैर-खाद्य समूहको मुद्रास्फीति वैशाखमा ३९.० प्रतिशतबाट घटेर मे महिनामा २७.६ प्रतिशतमा पुगेको छ ।
श्रीलङ्काको केन्द्रीय बैंकले अनुमानित गिरावटको मुद्रास्फीति प्रवृति सन् २०२३ सम्म जारी रहने अपेक्षा गरेको छ । सन् २०२३ को अन्त सम्ममा एकल-अङ्कको तथ्याङ्कमा प्रचलित उच्च मुद्रास्फीतिलाई ल्याउने अपेक्षा गरिएको छ ।

# भारत–अमेरिका साझेदारी दिगो : मोदी

**एएनआई**
**भर्जिनिया ।**
भारत र संयुक्त राज्य अमेरिका बीचको साझेदारीले दिगो र समावेशी विश्वव्यापी वृद्धिका निम्ति चालु इन्जिनको रूपमा काम गर्ने भारतका प्रधानमन्त्री नरेन्द्र मोदीले बताएका छन् । अमेरिकाको भ्रमणमा रहेका प्रधानमन्त्री मोदीले नेशनल साइन्स फाउन्डेशनमा 'भविष्यका लागि सीप' कार्यक्रमलाई सम्बोधन गर्दै सो टिप्पणी गरेका हुन् ।
प्रधानमन्त्री मोदीले दुई देशबीचको बढ्दो गतिलाई कायम राख्न प्रतिभाको व्यवस्थापन र आदानप्रदानको आवश्यकतामा जोड दिए । 'विकासको गतिलाई कायम राख्न भारत र अमेरिकालाई प्रतिभाको पाइपलाइन आवश्यक छ । एकातिर अमेरिकासँग उच्चस्तरीय शैक्षिक संस्था र उन्नत प्रविधि छन्, अर्कातर्फ भारतमा विश्वको सबैभन्दा ठूलो युवा कारखाना छ । त्यसैले मलाई विश्वास छ - भारत-अमेरिका साझेदारी दिगो र समावेशी विश्वव्यापी वृद्धिका निम्ति चालु इन्जिन साबित हुनेछ,' प्रधानमन्त्री मोदीले भने ।
यसअघि बुधबार वाशिङ्टन डिसी पुगेका प्रधानमन्त्री मोदीलाई एयरबेसमा औपचारिक स्वागतका साथै गार्ड अफ अनर दिइएको छ । प्रधानमन्त्री मोदी त्यसपछि अमेरिकी राष्ट्रपति जो बाइडेन र प्रथम महिलाले आयोजना गरेको राजकीय रात्रिभोजमा सहभागी हुने कार्यक्रम छ ।



प्रथम महिला जिल बाइडेनको साथमा प्रधानमन्त्री मोदीले भर्जिनियाको अलेक्जान्ड्रियामा रहेको नेशनल साइन्स फाउन्डेशनको भ्रमण गरेका हुन् । सो अवसरमा उनीहरूले महत्वपूर्ण उद्योगमा सफल पार्नका लागि सान्दर्भिक सीप हासिल गरिरहेका दुवै देशका विद्यार्थीसँग कुराकानी गरेका थिए । अन्तरक्रियामा नयाँ शिक्षा नीति लागू गर्ने, शिक्षा र सीपलाई एकीकृत गर्ने जस्ता विद्यार्थीको उज्ज्वल भविष्य सुरक्षित गर्न भारत सरकारले गरेका पहल माथि प्रकाश पारिएको थियो ।विद्यार्थीको उज्ज्वल भविष्यका लागि भारत सरकारले गरेको कामको चर्चा गर्दै प्रधानमन्त्री मोदीले नयाँ शिक्षा नीति ल्याइएको र शिक्षा र सीपलाई एकीकृत गर्ने योजना बनाएको बताएका छन् । स्किल इन्डिया अन्तर्गत भारतले आर्टिफिसियल इन्टेलिजेन्स, ब्लकचेन, ड्रोनको क्षेत्रमा '१५ अर्ब मानिस' लाई दक्ष बनाएको छ ।उनले विद्यालयमा भारत सरकारले १० हजार अटल टिङ्करिङ ल्याब स्थापना गरी बालबालिकालाई आविष्कारमा सङ्लग्न हुने सुविधा उपलब्ध गराएको पनि जानकारी दिए । प्रधानमन्त्री मोदीले अमेरिकी विद्यार्थीलाई भारत आउन आग्रह गर्दै अमेरिकाका सयौं शिक्षक पहिले देखिनै भारतमा रहेको र प्राविधिक साझेदारीमा भाग लिइरहेको बताए । भारत-अमेरिका शिक्षक आदानप्रदान कार्यक्रमको प्रस्ताव गर्दै प्रधानमन्त्री मोदीले भने 'हामी भारत-अमेरिका शिक्षक आदानप्रदान कार्यक्रम शुरु गर्ने बारे सोच्न सक्छौं । वैज्ञानिकको सङ्लग्नता बढाउन यो अत्यन्तै सान्दर्भिक छ ।'

# वेष्ट इण्डिजसँग नेपालको फराकिलो हार

**मधेशदृष्टि**
**जनकपुरधाम ।**
आईसीसी एकदिवसीय विश्वकप छनोटमा वेष्ट इण्डिजविरुद्ध फिल्डिङका चुक्दा नेपालले फराकिलो हार व्यहोरेको छ ।
दुई पटकको विश्वकप विजेता टेष्ट राष्ट वेष्ट इण्डिजसँग नेपाल १०१ रनले पराजित भयो ।जिम्बाव्वेको हरारेमा जितका लागि ३४० रनको लक्ष्य पछ्याएको नेपाल ४९.४ ओभरमा २३८ रनमा अल आउट भयो ।
२८.१ ओभरमा १२९ रन बनाउँदा ६ विकेट गुमाएको नेपालको स्कोर आरिफ शेख र गुल्सन झाले केही उकासेका थिए । उनीहरुले सातौं विकेटका लागि ६८ रनको साझेदारी गरे । गुल्सन ४२ रन बनाएर आउट भए । आरिफ ६३ रन बनाउँदै आउट भए ।
ओपनर कुशल भुर्तेल ५ रनमा  र तेस्रो क्रममा आएका भीम सार्की २ रनमा आउट भएपछि अर्का ओपनर ब्याटर आसिफ शेख र कप्तान रोहित पौडेलले नेपाली इनिङ्स केही सम्हालिन खोजेका थिए । तर कुशल ३६ बल खेल्दै ३ चौका सहित २८ रनमा आउट भए । कप्तान रोहित पौडेलले ४३ बलमा ३ चौका सहित ३० रन जोडे ।
सातौं ब्याटर दिपेन्द्र सिंह ऐरी क्रिजमा आक्रमक देखिए । उनले २४.६ ओभरमा एकेल होसिनको बलमा लामो छक्का प्रहार गर्दै मिडिया बक्सको सिसा फुटाएका थिए । तर उनी पनि २३ रनमा आउट भए ।नेपालको ८ विकेट गुमेपछि ब्याटिङमा आएका करण केसीले १ छक्का र ४ चौकासहित



नट आउट २८ रन बनाए पनि हारको अन्तर १०० भन्दा कम बनाउन सकेनन् । अन्तिम नम्बरमा ब्याटिङमा आएका ललित पहिलो बलमै डक आउट भए ।
सन्दीप लामिछानेले १ तथा कुशल मल्लले २ रन बनाए ।त्यसअघि, वेष्ट इण्डिजले निर्धारित ओभरमा ७ विकेट गुमाएर ३३९ रनको योगफल बनाउँदा दुई ब्याटरले शतकीय पारी खेले । बिहानी विकेट कन्डिसनमा ब्याटिङका लागि संघर्षरत वेष्ट इण्डियन ब्याटरहरुले मध्य ओभरमा शानदार प्रदर्शन गरेका थिए ।सुरुवातमै शीर्षक्रमका तीन ब्याटरलाई सस्तैमा आउट गर्न सफल रहे पनि त्यसपछि नेपाली बलरहरु विकेटका लागि संघर्ष गरिरहे ।नेपालले दोस्रो ओभरमै वेष्ट इण्डिजका ओपनर केल मायर्सलाई आउट गरेको थियो ।
करण केसीको बलमा कुशल भुर्तेलले मिडविकेट क्षेत्रमा शानदार क्याच आउट गर्नुअघि मायर्सले १ रनमात्र बनाउन सके ।करणले यसअघि अमेरिकाविरुद्धको अघिल्लो खेलमा पनि ४ विकेट लिएर प्लेयर अफ द म्याच बनेका थिए ।पाँचौं ओभरमा वेष्ट इण्डिजका तेस्रो नम्बरका ब्याटर जोन्सन चार्ल्सलाई गुल्सन झाले विकेटकिपर आसिफ शेखबाट कट बिहाइन्ड आउट गरे । गुल्सनको स्पेलको पहिलो बलमै आउट भएका चार्ल्सले खाता खोल्नै सकेनन् ।
१५.३ ओभरमा तेस्रो विकेटका रुपमा ब्रेन्डन किंग आउट भएका थिए ।
३२ रन बनाएर खेलिरहेका उनलाई सन्दीप लामिछानेले बोल्ड गरे । त्यसपछि सुरु भयो वेष्ट इण्डिजका कप्तान साइ होप र निकोलस पुरनको ब्याटिङ । यी दुवैले शतकीय पारी खेल्दा चौथो विकेटका लागि २१६ रनको साझेदारीसमेत गरे ।४३.६ ओभरमा दीपेन्द्रसिंह ऐरीले कट एण्ड बोल्ड गर्नुअघि दुईपल्ट जीवनदान पाएका पुरने ११५ रन बनाए । उनले ९४ बलमा १० चौका र ४ छक्का प्रहार गरे ।४७.१ ओभरमा ललित राजवंशीले वेष्ट इण्डिजको पाँचौं विकेटका रुपमा रोभमन पावेललाई गुल्सन झाबाट क्याच आउट गराए ।
पावेलले १४ बलमा ३ चौका र १ छक्कासहित २९ रन बनाए ।४९.२ ओभरमा ललितले वेष्ट इण्डिजका कप्तान होपलाई १३२ रनमा भीम सार्कीबाट क्याचआउट गराए । होपले १२९ बलमा १० चौका र ३ छक्का प्रहार गरे ।इनिङ्सको अन्तिम बलमा ललितले कीमो पाउललाई १ रनमा बोल्ड गरे । जेसन होल्डर १६ रनमा अविजित रहे ।
बलिङमा ललितले ३ तथा करण, गुल्सन, सन्दीप र दीपेन्द्रले एक-एक विकेट लिए । ललितले १० ओभरमा ५२ रन खर्चिए । सन्दीपले १० ओभरमा १ मेडन राख्दै ५० रन खर्चिए ।
अघिल्लो खेलमा अमेरिकाविरुद्ध प्लेयर अफ द म्याच बनेका करण यसपल्ट महंगो सावित भए । उनले १० ओभरमा १ मेडन राख्दै ८१ रन खर्चिए ।प्रतियोगिताको समूह ए मा रहेको नेपालले यसअघि नेपालले पहिलो खेल घरेलु टोली जिम्बाव्वेसँग ८ विकेटले गुमाएको थियो भने दोस्रो खेलमा अमेरिकालाई ६ विकेटले हराएको थियो ।आउने अक्टोबर नोभेम्बरमा भारतमा हुने एकदिवसीय विश्वकप खेल्ने आशा जीवित राख्न नेपालले यो समूहमा शीर्ष तीनभित्र रहेर सुपर सिक्समा पुग्नुपर्छ ।



# सहमतिपछि आजदेखि ट्रान्सपोर्ट चल्ने




**मधेशदृष्टि**
**वीरगंज ।**
वीरगंजका ट्रान्सपोर्ट व्यवसायीहरुले उठाउँदै आएको मागका सम्बन्धमा स्थानीय प्रहरी प्रशासन र राजस्व अनुसन्धान बीच ४ बुँदे सहमति भएपछि ट्रान्सपोर्टहरु शुक्रबारदेखि सुचारु हुने भएको छ ।

जिल्ला प्रशासन कार्यालय पर्सामा बिहीबार साँझ भएको वार्तामा राजस्व अनुसन्धान कार्यालय पर्सा प्रहरी, ढुवानी व्यवसायी विच समग्र रुपमा ढुवानी व्यवसायलाई गलत नियतले हेर्न नहुने र गलत गर्नेलाई निगरानीमा राखि कारवाही गर्ने विषयमा त्रिपक्षिय सहमति भएपछि वीरगंजमा चार दिन देखि अनिश्चितकालका लागि बन्द भएको ढुवानी सेवा शुक्रवारबाट सुचारु हुने सहमति भएको ट्रान्सपोर्ट एशोसिएसन पर्साका सचिव नवराज अधिकारीले जानकारी दिए ।

पछिल्लो समय ढुवानी सेवामा प्रहरी, प्रशासन र राजश्व अनुसन्धान विभागले राजस्व छलिको अभियोगमा अनाहकमा दुःख दिन थालेको भन्दै सोको विरोधमा वीरगंजका ट्रान्सपोर्ट व्यवसायीहरुले आफ्नो कारोबार अनिश्चितकालको लागि बन्द गरी धर्नामा उत्रिएका थिए । व्यवसायीहरुले मंगलबार आफ्नो कार्यालयको ताला चाबीसमेत पर्साका प्रमुख जिल्ला अधिकारी हिरालाल रेग्मीलाई बझाएका थिए ।

वीरगंजका ७० जना ट्रान्सपोर्ट व्यवसायीहरुको तालाचाबी प्रमुख जिल्ला अधिकारीलाई बुझाइएको ट्रान्सपोर्टको ताला चाबी बिहिबार सहमति भएसँगै प्रमुख जिल्ला अधिकारीसँग फिर्ता लिएको पशुपति रोड कैरियरका नरेन्द्रराज पाण्डे जनाएका छन् ।

वार्ता सौहार्दपूर्णरुपमा सम्पन्न भएको र ढुवानी सेवा शुक्रबारबाट सुचारु हुने उनले बताए ।

मुलुकमै 'ट्रान्सपोर्ट हब'को रुपमा रहेको आर्थिक तथा व्यापारिक वीरगंजमा ६ दर्जन भन्दा बढी व्यवसायी ढुवानी सेवामा आवद्ध रहेका छन् । वीरगंजका दुईवटा भन्सार र औद्योगिक क्षेत्र बाहेक ट्रान्सपोर्ट एशोसिएशनमा आवद्ध व्यवसायीहरुले दैनिक सयौं ट्रक सामान मुलुकको विभिन्न क्षेत्रमा ढुवानी गर्दै आएका छन् ।

# न्यायाधीशको दरबन्दी नहुँदा न्याय सम्पादनमा समस्या



**मधेशदृष्टि**
**वीरगंज**
पर्सा जिल्ला अदालतमा मुद्दाको चाप बर्षेनी बढदै जाने क्रम बृद्धि भएपनि मुद्दा अनुसार न्यायाधीशको दरवन्दी नहुँदा न्याय सम्पादनमा समस्या देखिएको छ ।

पर्सा जिल्ला अदालतमा ११ जना न्यायाधिशको दरबन्दी रहेको पर्सा जिल्ला अदालतमा हाल १० जना न्यायाधिश कार्यरत छन् । चालु आर्थिक वर्षको जेठ मसान्त सम्म पर्सा जिल्ला अदालतमा ११ हजार ७ सय ४० वटा मुद्दा दर्ता भएका छन् । जसमध्ये ४ हजार ८ सय ३६ वटा मुद्दा फछ्र्यौट भएको छ, भने ६ हजार ९ सय ४ वटा मुद्दा फैसला हुन बाँकी रहेका छन् ।

पर्सा जिल्ला अदालतका श्रेस्तेदार अरुण कोइरालाले काठमाण्डौं पछि सबैभन्दा बढि मुद्दा पर्सा जिल्ला अदालतमा पर्ने गरेको बताए । सामान्यतया प्रति न्यायाधिशले ५ सय मुद्दा हेर्ने सामान्य नियम छ । तर मुद्दाको चाप बढि हुदाँ र न्यायाधिशको सङ्ख्यामा कमी हुँदा पर्सामा प्रति न्यायाधिश १ हजार २ सय सम्म मुद्दाको फैसला गर्न परेको कोइरालाले बताए । न्यायाधिशमा मुद्दाको चाप बढ्दा न्याय सम्पादनमा ह्रास नआएपनि मुद्दा फछ्र्यौटको सङ्ख्यामा भने कमी भएको कोइरालाको बताए । उनका अनुसार मुद्दाहरुको प्रकृति फरक हुने भएकाले फैसलामा ढिलो चाडौं हुने गर्दछ । कुनै दिन एकैदिनमा ५-६ वटा मुद्दा फछ्र्यौट हुने गरेको छ । भने कुनै मुद्दामा ४ दिनदेखि ५ दिनसम्म लाग्ने गरेको छ । पर्सा जिल्ला अदालतमा गत वर्षको ६ हजार ४ सय १५ मुद्दा फैसला हुन बाँकी रहेकोमा चालु आर्थिक बर्षमा ५ हजार ३ सय २५ मुद्दा दर्ता भएका छन् । अदालतमा कार्यरत १० जना न्यायाधीश मध्ये चालु आर्थिक बर्षमा बिनोद कुमार पोखरेलले ६८६, रामप्रसाद शर्मा ७४८, बिष्णु प्रसाद उपाध्याय ६९१, ध्रुवराज त्रिपाठी ५२५, कृष्ण प्रसाद पौडेल ३३२, विश्वनाथ भट्टराई ६०२, प्रल्हाद कुमार योगी ४५४, विधाराज पौडेल ५१८, र पुरुषोत्तम नेपाल ४०१, भगवती शर्मा ढुंगानाले ३४४ वटा मुद्दाको फैसला गरेका छन् । त्यस्तै ६७ वटा मुद्दा सरुवा भई जानुभएका न्यायाधिशले फैसला गर्नुभएको श्रेस्तेदार कोइरालाले बताए ।

जिल्ला अदालत पर्सामा सामान्य घर झगडा, अंश, जग्गा किचलो देखि कर्तव्य ज्यान मुद्दा, घरेलु हिंसा, जबरजस्ती करणी, सम्बन्ध विच्छेद, देवानी लगायतका मुद्दा आउने गरेका छन् । सबैभन्दा बढि लागुऔषधका मुद्दाहरु अदालत आउने गरेको श्रेस्तेदार कोइरालाले बताए ।

# महानगरद्वारा अतिक्रमीत संरचना हटाइए



**मधेशदृष्टि**
**वीरगंज**
वीरगंज महानगरपालिकाले फेरी माईराम पोखरी अर्थात चिल्ड्रेन पार्कको पश्चिमतर्फ अतिक्रमण गरेर निर्माण गरिएका संरचना हटाएको छ ।

बिहिबारबाट चिल्ड्रेन पार्कको जग्गा अतिक्रमण गरिएका संरचना डोजर लगाएर महानगरपालिकाले हटाउन थालेको हो । यसअघि महानगर पूर्वतर्फको अतिक्रमित संरचना हटाएको थियो । गएको फागुन १६ गतेबाट अतिक्रमण हटाउन थालेको महानगरले अतिक्रमित संरचना हटाउन विभिन्न समयमा डोजर चलाउँदै आएको छ । अतिक्रमण गरेर निर्माण गरिएका संरचना हटाउन स्थानीयले पटक पटक समय मागे पनि मागेको समयमा संरचना नहटाएपछि आजबाट पुनः डोजर लगाएर हटाउन थालिएको हो । बिहिबार ३ वटा संरचना डोजर लगाएर हटाइएको भौतिक पूर्वाधार अतिक्रमण नियन्त्रण समितिका संयोजक प्रदीप कुमार चौरसियाले बताए ।

महानगरले अतिक्रमण हटाउन नापजाँच गरेर चिह्न लगाइसकेको छ । वीरगंज महानगरपालिकाका नगर प्रमुख राजेशमान सिंहको निर्देशनमा अहिले महानगरका ३२ वटै वडामा अतिक्रमण गरि निर्माण गरिएका संरचना हटाउनुका साथै सार्वजनिक ऐलानी जग्गा खोजी गर्ने क्रम जारी रहेको छ ।

# अव्यवस्थित सडकका कारण दुर्घटनाको जोखिम बढ्यो

**मधेशदृष्टि**
**वीरगंज**
पूर्व पश्चिम लोकमार्गको बाराको पथलैयादेखि मकवानपुरको हेटौडासम्मको सडकखण्ड अन्तर्गत आधाभार, अमलेखगञ्ज र चुरे क्षेत्रको सडकमा भएका खाल्डाखुल्डीको कारण सवारी साधनलाई आवतजावतमा कठिनाई भएको छ ।

आधाभार देखि उत्तरतर्फको सडक कतिपय स्थानमा भासिँएर कतै अग्लो र कतै होचो हुँदा मोटरसाइकल लगायत साना गाडीहरूलाई ओहोरदोहोर गर्न कठिनाइ भएको चालकहरुले बताएका छन् । सो खण्डको सडकमा दर्जनौ स्थानमा सडक भासिएर खाल्डाखुल्डी हुँदा साना सवारी साधनलाई ठूला सवारी साधनहरुले ओभरटेक गरेर जाने भएकाले दुर्घटनाको जोखिम बढेको छ । त्यस्तै बिग्रीएको सडकमा ठूला गाडीहरु स्पिडमा आउदाँ सवारी नियन्त्रण गर्न



कठिनाई हुने गरेको वीरगंज महानगरपालिकाका हल्का सवारी चालक रामहरी पौडेलले बताए । सडक डिभिजनका प्रमुख इन्जिनियर राजेश कुमार यादवले निकुञ्ज क्षेत्रभित्र धेरै लोड बोकेका गाडीहरु विस्तारै गुड्दा सडकको पिच भाँसिएको बताए । सडकको क्षमताभन्दा गाडीको लोड बढि हुने र त्यसमाथि सवारी विस्तारै गुड्दा सडक भासिने उनको भनाइ थियो । विशेष गरी विभिन्न माल समान सहित भारतबाट आएका मालवाहक ट्रक तथा एलपी ग्यास बोकेका बुलेटहरु चुरेको उकालो चढ्दा लोड बढि भएकाले सो क्षेत्रको सडक भासिएको विभागका प्रमुख यादवले बताए । उनले भाँसिएको सडक तत्काल श्रोत साधनको व्यवस्थापन गरी मर्मतसम्भार गरिने बताए ।

# गर्भवती तथा सुत्केरीलाई हाइजिन किट वितरण



**मधेशदृष्टि**
**वीरगंज**
पर्साको पकहाँ मैनपुर गाउँपालिका वडा नं. ४ खेश्राहा टोलका मुसहर वस्तीका ५५ जना गर्भवती महिला र सुत्केरीहरुलाई प्रत्यक्ष लाभ हुने गरी बिभिन्न उन्नत जातका विउ विजन कुखुरा तथा सरसफाईको लागि हाइजिन किट वितरण गरिएको छ । सवैको लागि पोषण सधैको लागि पोषण वहुक्षेत्रीय पोषण योजना कार्यक्रम अन्तर्गत पोषण मैत्री स्थानीय शासन अन्तर्गत छनौट भएका वडा नं. ४ टोल खेश्राहाका मुसहर वस्तीमा सुनौलो हजार दिनका ५५ जना आमाहरुलाई हाइजीन किट, ब्रस, जिभा, पेष्ट, तौली, नुहाउने साबुन सर्फ, प्लाष्टिकको बाल्टिन, वाटा, उन्नत जातका विउ विजन १ सेट र ४ वटा कुखुरा वितरण गरिएको पोषण सहजकर्ता गणेश रामले जानकारी दिए ।

युनिसेफको सहयोगमा र पकहाँ मैनपुर गाउँपालिकाको आयोजनामा भएको कार्यक्रममा गाउँपालिका अध्यक्षा सुरेश मेहता, उपाध्यक्ष सर्फुन नेशा, वडा नं. ४ का वडा अध्यक्ष ढेडी यादव, स्वास्थ्य संयोजक रमेश मेहता, लगायतकाले गर्भवती महिलाहरुलाई सामान वितरण गरेका थिए ।

# जीराभवानीमा किशोर किशोरीलाई अभिमुखीकरण




**मधेशदृष्टि**
**वीरगंज**
पर्साको जीराभवानी गाउँपालिकाको स्वास्थ्य शाखाको आयोजनामा पालिका स्तरीय किशोर किशोरी सम्बन्धी १ दिने अभिमुखीकरण कार्यक्रम बिहिबार सम्पन्न भएको छ । जिराभवानी गाउँपालिकाको स्वास्थ्य शाखा प्रमुख अजय कुमार दासको अध्यक्षतामा भएको कार्यक्रममा गाउँपालिकाका अध्यक्ष अनोज चौधरी, उपाध्यक्ष रेखा चौधरी , प्रमुख प्रशासकीय आधिकृत अमित गिरी ,बाल किशोर यादव , वडा नम्बर ३ का वडाअध्यक्ष सुरुज राय थारु, वडा नम्बर १ देखी ५ सम्म रहेका स्वास्थ्य चौकी आधारभूत स्वास्थ्य केन्द्रका प्रमुखहरुको सहभागिता रहेको थियो ।

# मंचद्वारा तरकारीमा लगाइएको अतिरिक्त भ्याट हटाउन माग

FPCRN
उपभोक्ता हित संरक्षण मञ्च नेपाल
Forum for Protection of Consumer Rights - Nepal

**मधेशदृष्टि**
**वीरगंज**
उपभोक्ता हित संरक्षण मंचले नयाँ बजेटमा आयातित तरकारी, फलफूल र खाद्य वस्तुमा उपभोक्तालाई १३ प्रतिशत भ्याट लगाउने नीति खारेज गर्न माग गरेका छन् । मंचले उपभोक्तालाई आर्थिक भारपर्ने नीतिको विरोध गर्दै हाल आलुप्याजलगायतका सामानको आयातामा भन्सार बिन्दुमै नौ प्रतिशत कृषि सेवा शुल्क, अग्रिम आयकर एक दशमलव पाँच र १३ प्रतिशत भ्याट थप हुँदा यस्ता वस्तुमा २३ दशमलव पाँच प्रतिशत कर लाग्ने भएको जनाएका छन् । सरकारको नीति तथा कार्यक्रम, बढ्दो महँगी, अनियन्त्रित बजार र उपभोक्ता अधिकारका विषयमा आज पत्रकार भेटघाट गरी ती संस्थाले बजार अनुगमनका लागि तिनै तहका सरकारबीचका संयन्त्रलाई प्रभावकारी बनाउन माग गरेका छन् । उपभोक्ता हित संरक्षण मञ्च नेपालका अध्यक्ष ज्योति बानियाँ, राष्ट्रिय उपभोक्ता मञ्चका उपाध्यक्ष पुष्पराम पौडेल र उपभोक्ता अधिकार अनुसन्धान मञ्चका अध्यक्ष माधव तिमल्सिनाद्वारा प्रेस विज्ञप्तिमा कृत्रिम अभाव, मूल्यवृद्धि, एकाधिकार र 'कार्टेलिङ' गरी गुणस्तरहिन वस्तु र सेवाको बिक्री, भ्रमपूर्ण विज्ञापन, मूल्य र नापतौल ठगी तथा स्वच्छ प्रतिस्पर्धाविरुद्धका कार्यलाई कडाइका साथ नियन्त्रण गर्न माग गरिएको छ । विज्ञप्तिमा उपभोक्ताको गुनासो चौबिसै घन्टा सुनुवाइ हुनेगरी बजार अनुगमनको कार्यलाई दैनिक निरन्तर र प्रभावकारी बनाउन पनि आग्रह गरिएको छ ।

# विद्यालय कर्मचारीहरुको धर्ना जारी




**मधेशदृष्टि**
**वीरगंज**
निजामती कर्मचारीसरह तलब सुविधाको माग गर्दै आन्दोलनमा उत्रिएका विद्यालय कर्मचारीले माग पूरा नभएसम्म नफर्किने अडानका साथ काठमाण्डौको माइतीघरमा रिले अनशन जारी राखेका छन् ।

जेठ २० गतेदेखि आन्दोलित विद्यालय कर्मचारीहरुले असार २ गतेदेखि देशभरका सामुदायिक विद्यालय बन्द गर्ने घोषणा गरेका थिए ।

तर सरकारले वार्ता समिति गठन गरेपछि बन्दको कार्यक्रम भने फिर्ता लिएका थिए । त्यसपछि सरकारसँगको वार्ता र आन्दोलनलाई निरन्तर अघि बढाइरहेका छन् । त्यसैले दैनिक माइतीघर मण्डलामा रिले अनशन गर्दै आएका छन् । शिक्षा तथा मानव स्रोत विकास केन्द्रका महानिर्देशकको संयोजकत्वमा रहेको सरकारी वार्ता टोलीसँग कर्मचारीहरुले २ असारमा नै वार्ता गरेका थिए । वार्तापछि समस्या समाधानका लागि गठित ४ सदस्यीय उपसमितिले ५ बुँदे सहमति जुटाएको छ ।

मंगलबार बसेको उपसमितिको बैठकले विद्यालय कर्मचारीको तह अनुसारको तलबमान कायम गर्न बजेट बिनियोजन गर्नुपर्ने, संघीय शिक्षा ऐन तत्काल जारी गर्नुपर्ने, सर्वोच्च अदालतका फैसला कार्यान्वयन गर्नुपर्ने, विद्यालयमा कार्यरत अनुदान खाइपाइ आएका सबै कर्मचारीहरुलाई दरबन्दी स्वीकृत गरी सेवा सुविधा दिनुपर्ने र हालसम्म भएका विद्यालय कर्मचारी आन्दोलनका सहमतिहरु अक्षरशः पालना गर्नुपर्ने विषयमा सहमति जुटाएको थियो ।

उपसमितिले सहमतिका यी बुँदा दुबै पक्षको वार्ता समितिलाई बुझाएको छ । तर वार्ता कहिले हुने भन्ने अझै निश्चित नभएको विद्यालय कर्मचारी परिषदका महासचिव शान्तिनाथ योगीले बताए ।

अर्थ मन्त्रालयले विद्यालय कर्मचारीको आन्दोलनलाई महत्व नदिएका कारण माग सम्बोधनमा ढिलाइ भएको विद्यालय कर्मचारी युनियनका अध्यक्ष कमलप्रसाद खतिवडाले बताए । हाल सरकारले विद्यालयका लेखापाललाई १३ हजार ५०० रुपैयाँ र विद्यालय सहयोगीलाई ८ हजार रुपैयाँ तलब दिँदै आएको छ ।

मधेश प्रदेश प्रकाशन समूहद्वारा प्रकाशित तथा मुद्रित वीरगंज महानगरपालिका-१५, दर्ता नं. ३११-०७९/८०, सम्पर्क मो. नं. ९८५५०२१२८१, कार्यालय : जनकपुरधाम-२, भानु चोक, किशोरी नगर, फोन नं. ०४१-५९०२८९, E_Mail:madheshdristi@gmail.com, अध्यक्ष : ध्रुव साह, सम्पादक : रामकुमार एलन